मोड्यूल–१

# सर्वाङ्गीण सेवाकाइको परिचय

## गुरु पुस्तक

Truth Centered Transformation

Module 1: Introduction to Wholistic Ministry

Copyright ©2012 Reconciled World, Phoenix, Arizona,

United States of America. www.reconciledworld.org

# धन्यवाद-ज्ञापन

यी शिक्षण सामाग्रीमा योगदान पुऱ्याएर यस कार्यक्रमलाई सफल तुल्याउनु हुने महानुभावहरुलाई धन्यवाद दिएर पनि अपूरै हुन्छ। डिसाइपल नेशन्स अलाइन्सका ड्यारो मिलर र हार्भेष्ट फाउन्डेशनका बब मोफिटका शिक्षाद्वारा शुरुका दिनमा धेरै प्रेरणा मिलेको थियो। यो कार्यक्रम *'फुड फोर हङ्ग्री'* को निम्ति तयार पारेर मैले वर्षौंदेखि कार्यान्वयन गर्दैआएको छु । यी विचारहरुलाई परीक्षणको रुपमा प्रयोग गर्न स्थान दिनुको साथै यसलाई सम्भव तुल्याउन आर्थिक सहयोग जुटाइदिनुहुने महानुभावहरुप्रति म आभारी छु। यो पहिलो मोड्यूलमा विशेषगरी ड्यारो मिलरको **"डिभेलपमेन्ट एथिक"** र बब मोफिटको **"लिडरशिप डिभेलपमेन्ट ट्रेनिङ प्रोग्राम"** सामाग्रीहरुबाट धेरैभन्दा धेरै सन्दर्भ लिएको छु। यी सामाग्रीहरु प्रस्तुत गर्ने कतिपय बिचारहरु त मार्क विल्शनले पनि दिएका हुन्। पाठ आठको नदी तर्ने कथा मेरो आफ्नै होइन। यस कथाका मूल लेखक को हुन् भन्ने कुरा पत्ता लाउन म अझैसम्म असमर्थ भए तापनि यो कथा धरैवटा सामाग्रीहरुमा प्रयोग भएको पाइन्छ।

यी सोंचलाई जसले अध्ययन गरेर व्यवहारमा उतारेका छन्, ती नै व्यक्तित्वहरुसँग वर्षौंदेखि सहकार्य गर्न म सबल भएकोमा अत्यन्तै धन्यवादी भएको छु। ती व्यक्तिहरु मेरा निम्ति साँचो हिरो हुन्। यी व्यक्तिहरुले गरेका उपयोग र दिएका पृष्ठपोषणले यस कार्यलाई सम्भव तुल्याएको हो । र, छोडुँ-छोडुँ लागेका ती अनगिन्ती क्षणहरुमा उनीहरुबाट मिलेको हौसलाले मलाई अगाडि बढाइरह्यो। मैले कसरी र के सिकाउने भनेर सिक्दै गरेको बखतमा पूर्ण अन्योलमा बसेका प्रथम प्रशिक्षक टोलीप्रति अझै पनि मेरो विशेष श्रद्धा छ। यी व्यक्तिहरुले धैर्यपूर्वक बुझ्न र सिकाउन पनि कोसिस गरेका थिए तर हामीले सिकाएका कुरा उनीहरुका निम्ति ज्यादै कठिन रहेछ भनेर हामीले पछि महसुस गऱ्यौं। अनि, जे भए तापनि परमेश्वरले ती समुदायहरुलाई गरीबीको खाडलदेखि बाहिर ल्याउनुभयो। एउटा अटुट यादगार चाहिँ मेरो वा मैले गरेको कार्यमा कहिल्यै पनि केन्द्रित थिएन तर परमेश्वर र उहाँले गर्नुभएको विषयमा मात्रै केन्द्रित थियो। परमेश्वरले मेरा दुर्बलताहरु जे जस्ता भए पनि मलाई यस कथाको हिस्सा बन्न अवसर दिनुभएर मलाई प्रयोग गर्नुहुनेछ भन्ने मलाई प्रगाढ रुपमा छाप परेको छ। केवल परमेश्वरलाई महिमा होस्।

अन्ततः यस कार्यक्रममा मसँगै सहकार्य गर्नको निम्ति आफ्नो सेवाकाइ छोड्नु हुने मेरो श्रीमानलाई धन्यवाद दिन चाहन्छु। उहाँविना यो कार्य सम्भव हुने थिएन। मलाई थाहा छ –यो कार्य सम्पन्न हुनको निम्ति तपाईंले वर्षौंदेखि धेरै त्याग गर्नुभएको छ। तपाईं मेरो पँखेटामुनिको वतास हुनुहुन्छ। म तपाईंलाई माया गर्छु।

# विषय-सूची


**पाठ १ : सम्पूर्ण कथा ........ १**

येशू किन मर्नुभयो ? ........ १

शुरुआत ........ १

पतन ........ २

मिशन ........ ३

क्रूस ........ ४

कथाको समाप्ति ........ ४

निष्कर्ष ........ ४

**पाठ २ : मानव जाति परमेश्‍वरका निम्ति महत्त्वपूर्ण छन् ........ ५**

परिचय ........ ५

परमेश्‍वरको प्रतिरुपमा बनाइएको ........ ५

घटना अध्ययन : पहिलो शताब्दीको मण्डली ........ ६

चिन्तन-मनन ........ ७

**पाठ ३ : परमेश्‍वरलाई र आफ्नो छिमेकीलाई प्रेम गरौं ........ ८**

परिचय–सुसमाचार प्रचारकको भूमिका अभिनय ........ ८

महान् आज्ञा ........ ९

आफ्नो छिमेकीलाई प्रेम गर्नु ........ १०

क्रूस ........ १०

हाम्रो छिमेकी को हो ? ........ ११

प्रयोग ........ ११

**पाठ ४ : लूका २:५२ ........ १२**

परिचय ........ १२

लूका २:५२ ........ १२

येशूको वृद्धि ........ १३

हाम्रो जीवनमा प्रयोग ........ १३

**पाठ ५ : मण्डलीले सहायता पुऱ्याएको परमेश्‍वर चाहनुहुन्छ ........ १६**

परिचय ........ १६

यशैया ५८ पढ्नुहोस् ........ १६

नून र ज्योति ........ १७

भेडा र बाख्रा–मत्ती २५: ३१-४६ ........ १८

प्रयोग ........ १९

**पाठ ६ : हामीले सहायता पुऱ्याउन सक्ने आवश्यकताहरु के के होलान् ........ २०**

पाष्टर वोडको दर्शन ........ २०

घटना अध्ययन : जोस र मारिया ........ २०

हाम्रो समुदाय ........ २१

**पाठ ७ : परमेश्वरको राज्यको हिसाब** ..... **२२**

परिचय: यशैया ४०: २९ ..... २२

३ १ “एउटा ठिटो र उसको दिउँसोको खाना” (यूहन्ना ६:१-१४) ..... २३

३ २ “विधुवा र उनको अन्तिम खाना” (१ राजा १७:७) ..... २४

३ ३ “विधुवा र उनका दुईवटा सिक्काहरु” (मर्कूस १२:४१) ..... २५

३ ४ “तोडाको उखान” (मत्ती २५:१४) ..... २६

निष्कर्ष ..... २६

**पाठ ८ : सहायता गर्ने तरिका थाहा पाउनु** ..... **२८**

**पाठ ८ : सहायता गर्ने तरिका थाहा पाउनु** ..... **२८**

नदी तर्नु ..... २८

श्रीमती ली र उनको रुपान्तरणका वास्तविक कहानीहरु ..... २९

घटना-अध्ययन ..... ३१

प्रयोग ..... ३२

**पाठ ९ : प्रेमको कार्य** ..... **३४**

परिचय ..... ३४

प्रेमको कार्य ..... ३४

प्रेमको कार्यको विशेषता ..... ३४

प्रयोग ..... ३८

**पाठ १०: प्रेमको कार्य सम्बन्धी योजना बनाउनु** ..... **३९**

# पाठ १ : सम्पूर्ण कथा

**विशिष्ट उद्देश्य**

- परमेश्वरको योजना भनेको आत्माहरु बाँचेको देख्नु मात्रै होइन तर मानिस पतन हुँदाखेरि भत्केका तीन वटा सम्बन्धहरुको पुनर्स्थापना देख्नु पनि हो भनेर बुझ्नु

**सामाग्री**

- तीन सम्बन्धका पोष्टरहरु

## येशू किन मर्नुभयो ?

सबै मिलेर छलफल गर्नुहोस्–येशू किन मर्नुभयो ?

हामीले प्रायः गरेर येशू हामीलाई हाम्रा पापदेखि छुट्कारा दिन आउनुभयो भन्ने गर्छौं । हो, यो सत्य हो तर उहाँ त्योभन्दा पनि अझै धेरै कार्य गर्न आउनुभयो । उहाँको क्रूसको मृत्यु त यस सम्पूर्ण कथाको एउटा हिस्सा मात्रै हो । बाइबलको सन्देश वास्तविक रुपमा बुझ्नको निम्ति हामीले सम्पूर्ण कथालाई शुरुदेखि अन्तिमसम्म बुझ्नु आवश्यक हुन्छ ।




## शुरुआत

हामीले उत्पति १ अध्यायदेखि २ अध्यायभित्र थाहा पाएको आधारमा यी प्रश्नहरुका जबाफ कसरी दिनुहुन्छ त ? (यदि तपाईंलाई मन पर्छ भने, सा-सानो समूहमा विभाजित भएर प्रश्नहरुको जबाफ दिन सक्नुहुन्छ । कागजमा प्रश्नहरु लेखेर तयार पार्न सक्नुहुन्छ ।)

- सृष्टिको आरम्भमा अदनको बगैंचामा संसार कस्तो थियो ?
- आदम र परमेश्वर बीच सम्बन्ध कस्तो थियो ?
- आदम र हब्बा बीच सम्बन्ध कस्तो थियो ? तपाईंको बिचारमा उनीहरु बीच कतिको मतभेद हुन्थ्यो होला ?
- आदम र सृष्टि बीच सम्बन्ध कस्तो थियो ? के आदमले आफूलाई चाहिएको सबै कुरा पाएका थिए ? के उनले प्रयाप्त खाना पाएका थिए ?

*प्रशिक्षार्थीहरुलाई पहिलो चित्र देखाएर पतनको समयअघि सृष्टिको शुरुआतमा तीनवटा सम्बन्धहरु सिद्ध थिए भनेर बुझ्न सहायता गर्नुहोस् ।*

## पतन

उत्पति ३: १-२० पढ्नुहोस् ।

दुई जना व्यक्तिहरुलाई तल दिइएको भूमिकामा अभिनय गर्न लाउनुहोस् ।

***"आदम र हव्बा बीचको सम्वाद"***

आदम : *(बगैंचामा डुल्दै)* हव्बा, हामीले त्यो फल खाएर परमेश्वरलाई दुःखित तुल्याएकोले बगैंचामा काम गर्नु पक्कै धेरै कठिनाइ छ ।

हव्बा : हो, अनि हाम्रा छोराहरु पनि कहिल्यै मिल्न सकिरहेका छैनन् । यिनीहरु सँधै ककुर-बिरालोजस्तै छन् र एकापसमा कुटाकट गरिरहन्छन् । म आशा गर्छु–स्थिति अब खराब नबन्ला ! र, मैले यी बेकामे नेभाराका पातहरु लाउनुपर्ने भयो– कस्तो असुहाउँदिलो †

आदम : *(विवाद गर्दै)* हो, हामी नयाँ कपडा किन्न सक्तैनौं । त्यसकारण गनगन नगर । *(एकछिन रोकिएर)* परमेश्वर हामीसँगै हिँड्डुल गर्नुभएको, कुराकानी गर्नुभएको ती दिनहरु संझनामा आइरहेको छ । हामी यहीं भए पनि उहाँ अहिले दुःखित हुनुभएको छ । अनि, जनावरहरुले हाम्रो आज्ञा कसरी मान्थे याद गर त ? अहिले त उनीहरु हामीदेखि डराएर भाग्छन् ।

हव्बा : हो त, हामीलाई टोक्नु पो खोज्छन् । उफ...मलाई सर्प मनै पर्दैन । मैले त्यसको सल्लाह माने भनेर मलाई पटक्कै विश्वास लागेको छैन । यो सबै भद्रगोल त्यही सर्पको गल्तीले त भएको हो नि ।

आदम : अहँ, यो त तिम्रो गल्तीले पो भएको हो नि । तिमी त कहिल्यै पनि राम्रो काम गर्दिनौ । सर्पदेखि सल्लाह लिने व्यक्तिको सल्लाह मैले किन लिने ?

हव्बा : अँ, मलाई दोष नलगाउनुहोस् । यो त तपाईंकै दोष हो नि । *(निराश भएर रोकिंदै)* माफ गर्नुहोस्– कराएर केही हुँदैन । हेर्नुहोस् – के पहिला जस्तै सबै कुरा ठीकठाक होलान् त ?

आदम : मलाई थाहा छैन । परमेश्वरले मात्र यो भद्रगोल मिलाउन सक्नुहुन्छ ।

हव्बा : ओ, होइन –अहिलको अवस्था नि ? *(चिच्याउँदै, बाहिर कुद्दै)* दुईजना केटाहरु, झगडा नगर । अहिले नै भगडा रोक । मेरो कुरा सुनेनौ ? म तिमीहरुको बाबुलाई भनिदिन्छु । उहाँ खुसी हुनुहुनेछैन ।

आदम : *(खुइ्च गर्दै बगैंचातिर फर्किरहेको)* काम, काम, काम, काम, काम, काम...

**सामूहिक रुपमा छलफल गर्नुहोस् :**




भूमिका अभिनय र तपाईंले बाइबलबाट सिकेको कुरा अनुसार अहिले मानिसहरुले पतनको प्रतिफल स्वरुप कस्ता समस्याहरु भोग्नुपरिरहेको छ ?

- उत्पति ३:८,१० पढ्नुहोस्–मानिसको पतन हुँदा उसको परमेश्वरसँगको सम्बन्ध के भयो ?
- उत्पति ३:१२– मानिसको पतन हुँदा मानिस-मानिसको सम्बन्ध के भयो ?
- उत्पति ३:१५– मानिसको पतन हुँदा उसको सृष्टिसँगको सम्बन्ध के भयो ?

व्याख्या गर्नुहोस् : मानिसको पतन हुँदा संसारमा नैतिक खराबी मात्रै नभएर भौतिक खराबी जस्ता दुष्ट कुराले प्रवेश

पायो। पतनअघि खाना प्रशस्त उपलब्ध थियो, भूकम्प थिएन, बाढी थिएन, खडेरी थिएन। पतनको परिणाम स्वरुप अहिले हामीसँग यस्ता सबै समस्याहरु छन्।

पतनले तीनैवटा सम्बन्धहरु पूर्ण रुपले ध्वस्त तुल्यायो।

## मिशन



परमेश्वर र उहाँको सृष्टि बीचको कथाको अर्को अवस्था चाहिँ पतनको वृतान्त र पुरानो नियमको समाप्तिमा पाइन्छ। (तपाईंले बाइबलमा इंगित गर्नुभएको खण्ड विद्यार्थीहरुलाई देखाउनुहोस्)।

यो अवस्था चाहिँ परमेश्वरले आफ्ना जनहरु खोजिरहनुभएको अवस्था हो। परमेश्वर तोडिएको सम्बन्ध पुनर्स्थापित गर्न चाहनुहुन्छ।

- अब्राहाम–उत्पति १२:१-३ पढ्नुहोस्। यस खण्डमा परमेश्वरले अब्राहामलाई खडा गर्नुहुन्छ र आशिष दिनुहुन्छ। परमेश्वरले अब्राहामलाई किन आषिश दिनुहुन्छ? (परमेश्वरले जाति-जातिहरुलाई आशिष दिन चाहनुहुन्छ।) यो एउटा पदमा परमेश्वरले सारा संसारलाई बचाउन चाहनुभएको उहाँको उद्देश्य देखिन्छ। परमेश्वरले मण्डलीद्वारा सारा संसारलाई आशिष दिन चाहनुहुन्छ।
- मोशा–हामीले तोडिएको सम्बन्ध पुनर्स्थापित गर्न थाहा पाउन सकूँ भनेर परमेश्वरले संसारलाई १० आज्ञा दिनुभयो।
    - के व्यवस्थामा आत्मिक थोकहरु समेटिएलान् त? वा एकापस र प्रकृतिसँगको हाम्रा सम्बन्धहरु समेटिएलान्?
- व्यवस्थामा परमेश्वरसँगको हाम्रो सम्बन्ध (उत्पति २०:३), एकापससँगको हाम्रो सम्बन्ध (प्रस्थान २०:३) अनि सृष्टिसँगको हाम्रो सम्बन्ध (प्रस्थान २०:३) पनि समेटिएका छन् भनेर व्याख्या गर्नुहोस्। मानिसहरुलाई स्वस्थ रहन सहयोग गर्नुपर्ने र एकापसमा राम्रो व्यवहार देखाउनुपर्ने निर्दिष्ट व्यवस्थाहरु दिइएका छन् (प्रस्थान २३: १-९)। परमेश्वरले आत्मिक थोकहरु मात्रै चासो राख्नुहुन्न। उहाँले हाम्रा जीवनका सबै पक्षहरुमा चासो राख्नुहुन्छ। त्यसकारण परमेश्वरले पापद्वारा तोडिएको हरेक क्षेत्रको निम्ति व्यवस्था दिनुभयो।
    - व्यवस्था २८: १-१४ पढ्नुहोस्। यी आज्ञाहरु हामीले पालन गऱ्यौं भने के के हुनेछ भनेर परमेश्वरले भन्नुभएको छ? के परमेश्वरले प्रतिज्ञा गर्नुभएका आशिषहरु आत्मिक कुराका निम्ति मात्रै हुन् कि मानिसहरुका भौतिक जीवनका निम्ति पनि हुन्?
- परमेश्वरले राजाहरु र अगमवक्ताहरु खडा गर्नुभयो तर इस्रायलले परमेश्वरलाई त्यागेको कारण बारम्बार गरीबी र युद्धको चपेटामा परिरह्यो।
- २ इतिहास ७:१४
    - कसले आफूलाई नम्र पारेर परमेश्वरमा पुकारा तथा प्रार्थना गर्छ?
      (सबै मानिसहरुले होइन तर उहाँका सम्पूर्ण जनहरुले त्यसो गर्दछन् –आज सबै विश्वासीहरुले)

- आफ्ना जनहरु आज्ञाकारी भएमा परमेश्वरले के प्रतिज्ञा गर्नुभएको छ ?
  (परमेश्वरले हाम्रो देश निको पार्नुहुन्छ ।) आज पनि यो कुरा त्यतिकै सत्य छ । यो कुरा भनेको आत्मा बाँचेको देख्नु भन्दा पनि अझै धेरै ठूलो कुरा हो । यस सन्दर्भले परमेश्वरले सम्बन्धहरुका तीनवटै क्षेत्रहरुमा चङ्गाइ ल्याउनुहुन्छ भन्ने यथार्थ प्रस्तुत गरेको छ ।

## क्रूस

क्रूस यस कथाको एकदमै सुन्दर हिस्सा मात्रै नभएर यो त सबैभन्दा महत्त्वपूर्ण हिस्सा पनि हो । अधिकांश धर्महरुमा ईश्वरलाई खुसी पार्न मानिसहरुले बलि चढाउनुपर्ने हुन्छ । इसाई विश्वास अनुसार परमेश्वरले नै सारा संसारलाई प्रेम गर्नुभएको कारण उहाँले आफ्नो पुत्र संसारको निम्ति मर्न पठाउनुभयो ।

कलस्सी १:१९-२० पढ्नुहोस् । येशू किन मर्नुभयो ?

- यी सबै सम्बन्धहरुका मिलापको निम्ति

तेस्रो तस्बिर देखाउनुहोस् अनि पतनको समयमा तोडिएका सबै कुरा पुनर्स्थापित गर्न परमेश्वर आउनुभयो भनेर कक्षामा बताइदिनुहोस् । यद्यपि, कथाको समाप्ति नभइन्जेल सबै कुरा पूर्ण रुपमा सिद्ध हुनेछैन ।

येशूले हामीलाई महान् आज्ञा दिएर जानुभएको छ । मानिसहरु ख्रीष्टियन भएको हेर्नु मात्रै हामी जिम्मेवार छैनौं तर जाति-जातिहरुलाई चेला बनाउन पनि जिम्मेवार छौं । जाति-जातिलाई चेला बनाउनुको तात्पर्य चाहिँ परमेश्वर जुन कुराको निम्ति मिलाप गराउनु आउनुभयो ती सबै क्षेत्रमा परमेश्वरको इच्छा अनुशरण गर्न उनीहरुलाई सहयोग गर्नु हो ।

## कथाको समाप्ति

प्रकाश २१ : १७ पढ्नुहोस् ।

- अन्तमा, मानिसको परमेश्वरसँगको सम्बन्ध कस्तो हुनेछ ?
- मानिस-मानिसको सम्बन्ध कस्तो हुनेछ ?
- मानिसको प्रकृति वा सृष्टिसँगको सम्बन्ध कस्तो हुनेछ ?
- के हामीसँग खाने कुरा प्रयाप्त हुनेछ ? के हामी कहिल्यै बिरामी पर्ने छौं ?

## निष्कर्ष

यो सम्पूर्ण कथा हो – यो कथा नै परमेश्वरले संसार कति सिद्ध रुपमा सृष्टि गर्नुभएको रहेछ भनेर सुरुआतदेखि अन्तिमसम्म समेटिएको सबैभन्दा सुन्दर कथा हो । यस कथामा संसारमा पापको प्रवेश कसरी भयो र त्यसले सृष्टिलाई कसरी तहसनहस तुल्यायो भन्ने विवरण समेटिएको छ । र, परमेश्वरले हामीलाई कति प्रेम गर्नुभयो र पतनमा तोडिएका सम्बन्धहरु पुनर्स्थापित गर्न आफ्नो पुत्र पठाउनुभएको घटना पनि समेटिएको छ । परमेश्वर एक दिन फेरि आउनुहुनेछ अनि सबै कुरालाई नयाँ तुल्याउनुहुनेछ भन्ने तथ्य पनि यस कथामा पाइन्छ ।

परमेश्वरले तपाईंलाई असाध्यै प्रेम गर्नुहुन्छ । परमेश्वरसँग तपाईंको सम्बन्ध पुर्नस्थापित होस्, अनि त्यसपछि एकापसमा र सृष्टिसँग तपाईंको असल सम्बन्ध रहोस् भन्ने उद्देश्यले उहाँले आफ्नो पुत्र मर्न पठाउनुभयो ।

# पाठ २ : मानव जाति परमेश्वरका निम्ति महत्त्वपूर्ण छन्

**विशिष्ट उद्देश्यहरु**

- मानिसहरु परमेश्वरको स्वरुपमा बनाइएका हुन् भनेर बुझ्नु
- मानिसहरु परमेश्वरको स्वरुपमा बनाइएका र उनीहरुका निम्ति येशू मर्नुभएको कारण सबै मानिसहरु महत्त्वपूर्ण छन् भनेर बुझ्नु
- परमेश्वरले हामीलाई यति धेरै प्रेम गरेर हाम्रा निम्ति आफ्नो पुत्र मर्न पठाउनुभयो र हामीले पनि मानव जातिप्रति त्यसरी नै प्रेम गर्नुपर्छ भनेर बुझ्नु

## परिचय

**सामूहिक रुपमा छलफल गर्नुहोस् :**



- मानव जातिका उत्पति बारेमा तपाईंका संस्कृतिमा के के विश्वासहरु छन् ?
- यस्ता विश्वासहरुका परिणामहरु के के हुन् ? यदि कुनै व्यक्तिले यस्ता कुराहरुमा विश्वास गर्दछ भने के उसले मानव जाति महत्त्वपूर्ण छन् भनेर सोच्ला कि नसोच्ला ?

भारतमा मदर टेरेसा नाम गरेकी एक जना महिला हुनुहुन्थ्यो । उहाँले सडकमा मर्न लागिरहेका मानिसहरुले सम्मानपूर्वक मर्न पाऊन् भनेर उनीहरुका निम्ति आश्रमहरु स्थापना गर्नुभयो । भारतमा मरिरहेका यस्ता हजारौं मानिसहरुलाई किन मदर टेरेसाले सहयोग गरेको होला भनेर उहाँको विषयमा धेरै मानिसहरुले आलोचना गरे । तपाईंलाई चाहिँ कस्तो लाग्छ नि ? के त्यो सेवाकाइ असल थियो वा थिएन ?

## परमेश्वरको प्रतिरुपमा बनाइएको

**सा-सानो झुण्डमा छलफल गर्नुहोस् :**

एक पटकमा छानिएको एउटा मात्र पद पढ्नुहोस् ।

उत्पति १:२६-२७

- सृष्टिका अन्य प्राणीहरु भन्दा मानव जाति चाहिँ कसरी भिन्न छ ? परमेश्वरले मानव जातिको निम्ति कस्तो नमूना प्रयोग गर्नुभयो ?
- मानव जातिमा भेट्न सकिने परमेश्वरका कतिपय विशेषताहरु के के होलान् ? सकेसम्म धेरैवटा विशेषताहरु पहिचान गर्नुहोस् ।

भजनसङ्ग्रह १३९: १३-१६ पढ्नुहोस् ।

- मानव जातिको महत्त्व बारेमा यस पदले के भनेको छ ?
- के तपाईंको बिचारमा यो पद केही मानिसहरुलाई वा सम्पूर्ण मानव जातिलाई नै लागू हुन्छ ?

व्याख्या गर्नुहोस् – परमेश्वरले हामीलाई आकार दिनुभयो, हामी सावधानीपूर्वक बनाइएका छौँ,र उहाँले पुस्तकमा हाम्रा जीवनका सम्पूर्ण दिनहरु लेखिदिनुभएको छ। हामी संयोगवस हुन आएका होइनौँ तर हरेक व्यक्तिलाई परमेश्वरले नै बनाउनुभएको हो ।

### सामूहिक छलफल

यूहन्ना ३:१६

- संसारलाई पुनर्स्थापना गर्न परमेश्वरले के गर्नुभयो ?
- हामी असल भएकोले परमेश्वर हाम्रो निम्ति मर्नुभएको हो र ? (यदि सहभागीहरु अलमल परे भने रोमी ५:८ हेर्न लाउनुहोस् ।)
- यदि परमेश्वर मानिसहरुका खातिर आफ्नो पुत्र मर्न पठाउन इच्छुक हुनुहुन्थ्यो भने उहाँले मानिसलाई कति धेरै महत्त्वपूर्ण ठान्नु हुँदोरहेछ ?
- हामीले मानिससँग व्यवहार गर्ने तरिकामा यसको आशय के हुन्छ होला ?

### सांराश निकाल्नुहोस् :

यी पदहरुमा हामी परमेश्वरले मानिस जातिलाई साह्रै महत्त्वपूर्ण ठान्नुभएको कुरा स्पष्ट रुपमा देख्न सक्छौं। परमेश्वरले हामीलाई आफ्नै स्वरुपमा बनाउनुभयो– हामी सबै जना सावधानीपूर्वक सृष्टिएका र आमाको गर्भमा रचिएका व्यक्ति हौं। परमेश्वरले मानव जातिलाई असाध्यै वास्ता गर्नुहुने भएकोले उहाँले मानिसको निम्ति आफ्नो पुत्र मर्न पठाउनुभयो ।

भारतमा सेवा पुऱ्याउनु भएकी मदर टेरेसालाई एकफेर बिचार गर्नुहोस्। के यस्ता बिचारहरुले उनको सेवालाई अझै स्पष्ट रुपमा बुझ्न हामीलाई मद्दत पुऱ्याउलान् त ? तपाईंको बिचारमा उहाँले मरिरहेका मानिसहरुलाई किन यति साह्रो वास्ता पुऱ्याउनभएको होला ?

एकपल्ट प्रसिद्ध पत्रकारले तपाईं यस्ता मानिसहरुलाई किन वास्ता गर्नुहुन्छ भनेर मदर टेरेसालाई प्रश्न सोधेका थिए, त्यसको जबाफमा उहाँले मत्ती २५:३१–४६ मा उल्लेखित भेडा र बाखाको कथा उद्धृत गर्नुभएको थियो। यस खण्डमा येशूले आफ्नो देब्रेपट्टिकालाई *"म भोकाएको बेला तिमीहरुले मलाई खाना दिएनौ, म तिर्खाएको बेला मलाई पिउन पानी दिएनौ"* भनेर हकार्नुभयो। जब उनीहरुले हामीले त तपाईं भोकाएको र तिर्खाएको कहिल्यै पनि देखेनौं भनेर जबाफ दिए, येशूले यसो भन्नुभयो,*"तिमीहरुले यी साना मध्येका खातिर केही गरेनौ भने तिमीहरुले मेरा निम्ति पनि केही गरेनौ ।"* भारतका सडकहरुमा मरिरहेका मानिसहरुको सेवा गर्नु भनेको येशूको सेवा गर्नु बरार हो भनेर मदर टेरेसाले जबाफ दिनुभयो ।

**यस विषयमा सोच्नुहोस् –**हामी सबै जना परमेश्वरमा अति मूल्यवान छौं। र, तपाईंको समुदायमा भएका एकएक व्यक्ति पनि त्यतिकै महत्त्वपूर्ण छन्। मनमनै सोच्नुहोस्– तपाईंले आफ्ना समुदायका मानिसहरु परमेश्वरका खातिर अनमोल छन् भन्ने किसिमले के उनीहरुलाई व्यवहार गरिरहनुभएको छ ?

## घटना अध्ययन : पहिलो शताब्दीको मण्डली

### निम्न घटना अध्ययन पढ्नुहोस्

पहिलो शताब्दीको मण्डलीका विश्वासीहरुले मानिस महत्त्वपूर्ण हुन् भनेर बुझेका थिए। त्यस समयमा मानिसहरुले ईश्वरहरु बीच को ठूलो हुने भनेर लडाइँ हुन्छ र ईश्वरको सजायदेखि जोगिन मानिस जातिले बलि चढाउनु पर्दछ भनेर विश्वास गर्दथे। त्यस बेलाका विश्वासीहरुले साँचो परमेश्वरचाहिँ फरक हुनुहुन्छ भनेर बुझेका थिए। उहाँले

मानिसहरुका निम्ति आफ्नो प्रिय पुत्र पठाउनुभएर मानिस जातिको निम्ति बलिदान चढाउनुभयो (यूहन्ना ३:१६)। यो विश्वासको तात्पर्यचाहिँ हरेक मानव जाति अति महत्त्वपूर्ण र मूल्यवान छन् भन्ने हुन्थ्यो। परमेश्वरले संसारलाई तथा मानव जातिलाई गर्नुभएको अद्भूत प्रेमको ज्ञानले पहिलो शताब्दीको मण्डलीलाई गर्भपतन र भ्रूणहत्या जस्ता चलिआएका परम्पराहरु विरुद्धमा लाग्न अभिप्रेरित गऱ्यो। त्यस समयमा यदि छोरी जन्मिइन् भने प्रायः गरेर सडकमा लगेर छाड्ने गरिन्थ्यो। यद्यपि, त्यस बेलाका विश्वासीहरुले चाहे अपाङ्ग, नजन्मेका, पुरुष वा महिला, दास वा मालिक जेसुकै भए तापनि हरेक जीवन परमेश्वरको निम्ति अत्यन्तै मूल्यवान रहेछ भनेर बुझेका बुझेका थिए। उनीहरुले छोरी शिशुहरुलाई सडकदेखि उद्धार गरेर ल्याउँथे अनि आफ्नै छोरीजस्तै गरेर पाल्दथे।

पहिलो शताब्दीका मण्डलीले परमेश्वरले हाम्रो पक्षमा आफ्नो जीवन बलिदान गर्नुभएर आफ्नो प्रेम प्रदर्शन गर्नुभएको छ भन्ने विश्वास गरेका हुनाले उनीहरुले अरुहरुको पनि त्यसरी नै बलिदानी सेवा गर्नुपर्छ भनेर आफ्नो कर्तव्य बुझेका थिए। येशूका अनुयायीहरुले हामी पनि परमेश्वर जसरी दयालु र कृपालु हुनुहुन्छ त्यसरी नै हामी सबै मानिसहरुप्रति दयालु र कृपालु बन्नुपर्दछ भनेर बुझेका थिए।

त्यस समयमा हैंजा महामारीको रुपमा फैलिएको थियो। यदि तपाईंले हैंजा लागेको कसैलाई पानी दिनुभएमा उसको बाँच्ने मौका निकै उच्च हुन्छ। पानीविना हैंजा लागेका मानिसहरु मर्दछन्। यद्यपि, हैंजा एकदमै डरलाग्दो सरुवा रोग हो। रोमीहरु रोग लाग्नदेखि टाढै बस्दथे। रोग लागेको व्यक्ति देख्नेबित्तिकै उनीहरुले बिरामी व्यक्तिलाई पानी दिनुको साटो मरोस् भनेर सडकमा निकालेर राखिदिन्थे। उनीहरुका निम्ति मानव जीवन महत्त्वपूर्ण थिएन। यद्यपि, विश्वासीहरु भने फरक थिए। वास्तवमा, हैंजा लागेका मानिसहरुकहाँ उनीहरु जान्थे र उनीहरुलाई पानी दिने र हेरचाह गर्ने गर्दथे। उनीहरु बलिदानपूर्ण सेवा र दयामा विश्वास राख्दथे। धेरै रोगीहरु मरे तर उनीहरुका प्रेमले गर्दा विश्वासीहरुको सङ्ख्या तीव्र रुपमा बृद्धि भयो।

## चिन्तन-मनन

चुपचाप बसेर यो कथा मनमनै सोच्नुहोस्। मैले अरुलाई कसरी व्यवहार गरिरहेको छु भनेर देखाइदिन परमेश्वरसँग प्रार्थना गर्नुहोस्। अरु मानिसहरुका निम्ति पनि येशू मर्नुभएको हुनाले उनीहरु पनि परमेश्वरको नजरमा महत्त्वपूर्ण छन् भनेर के तपाईंले परमेश्वरको तरिकाले मानिसहरुलाई व्यवहार गरिरहनुभएको छ ? के तपाईंले कोही मानिसलाई काखा र कसैलाई पाखा गरिरहनुभएको छ कि ? परमेश्वरलाई मनपर्दो किसिमले तपाईंले मानिसहरुलाई व्यवहार गर्नुभएको छैन भने परमेश्वरसँग क्षमा माग्नुहोस्। उहाँको नजरले मानिसहरुलाई व्यवहार गर्न सकूँ भनेर परमेश्वरसँग प्रार्थना गर्नुहोस्।

**सा-सानो समूहमा छलफल गर्नुहोस् :**

- खासगरी मूल्यहीन ठानिएका मानिसहरु को को होलान् ?
- मानिसहरु परमेश्वरको नजरमा महत्त्वपूर्ण छन् भनेर हामीले कसरी व्यावहारिक रुपमा देखाउन सक्छौं ?

# पाठ ३ : परमेश्वरलाई र आफ्नो छिमेकीलाई प्रेम गरौं

**विशिष्ट उद्देश्यहरु**

- परमेश्वरले हामीलाई आफ्ना छिमेकीलाई प्रेम गर्न आह्वान गर्नुभएको छ भनेर बुझ्नु
- हाम्रो छिमेकी को हो भनेर थाहा पाउनु
- हामीले छिमेकीलाई प्रेम गर्न सक्छौं सो तरिका बारे चिन्तन गर्नु

## परिचय–सुसमाचार प्रचारकको भूमिका अभिनय

निम्न भूमिका अभिनयमा सहभागी गराउनको निम्ति समूहबाट तीन जना व्यक्तिहरु छान्नुहोस् :



**कथा वाचकको परिचय** : हामीले ***"सुसमाचारको सङ्कुचित दृष्टिकोण"*** भन्ने गरेको दृष्टिकोणरु कहिलेकाहीँ इसाईहरुले पालेका हुन्छन्। विश्‍वासीहरुले येशूलाई ग्रहण गर्नुभनेको जीवन-मृत्युको निर्णय हो भनेर बुझ्‍ेका हुन्छन् तर ग्रहण गर्नु भनेको अन्य कुरा पनि हो भनेर बुझ्‍ेका हुँदैनन्। जब विश्वासीहरु आफ्ना छिमेकीका आवश्यकताहरुप्रति अन्धा भइदिन्छन्, उनीहरुले वास्तवमै सन्देश गुमाउन पुग्छन् ...। आज हामी धेरै गरीब परिवारकहाँ जानेछौं। **बिरामी- गरीब-व्यक्ति** सिकिस्त भएर ओछ्यानमा पल्टिरहेको हुन्छ। घरदैलो अभियानमा लागेको **सुसमाचार प्रचारक** भर्खरै त्यस घरमा आइपुगेको हुन्छ।

**सुसमाचार प्रचारक :** नमस्कार है हजुर हो, घरमा को हुनुहुन्छ ? म भित्र आउन सक्छु, हजुर ?

(घरभित्र छिर्दै )

**बिरामी- गरीब-व्यक्ति :** (बिरामी स्वरमा) हजुर, म छु ...

**सुसमाचार प्रचारक :** नमस्ते, म .........ठाउँबाट आएको हुँ। आज म सबैलाई मण्डलीमा आउन आग्रह गर्दै हिँडेको हुँ। परमेश्वरले हाम्रो जीवनमा अचम्मको काम गरिरहनुभएको छ। तपाईं पनि यो कार्यक्रम नछुटाउनुहोला है।

**बिरामी- गरीब-व्यक्ति :** *(सुस्केरा हाल्दै र अन्कनाउँदै)* म आउन सक्तिन ....। म ओछ्यानबाट हलचल गर्नै सक्तिन। म साह्रै बिरामी छु। मेरो जागिर पनि छैन। मसँग औषधिको चक्की किन्ने एक सुका पनि पैसा छैन। खाना छैन। भाडा तिर्ने पैसा छैन।

**सुसमाचार प्रचारक :** यी समस्याहरु ठूला समस्या हुन् तर जीवनका सबै समस्याको जबाफ भएको व्यक्तिलाई मैले चिनेको छु। के तपाईंले येशू ख्रीष्टलाई व्यक्तिगत रुपमा आफ्नो मुक्तिदाता भनेर ग्रहण गर्नुभयो त ?

**बिरामी- गरीब-व्यक्ति :** *(कमजोर स्वरमा)* बिरामी भएर जागिर गुमाउनु परेपछि मेरा परिवार र साथीहरुले मलाई त्यागे। तपाईंको मण्डलीको कुनै मानिसले मलाई सहयोग गर्ना सक्ला त ? भन्नुहोस् त हजुर ?

**सुसमाचार प्रचारक :** तपाईंले प्राप्त गर्नुहुने उत्तम सहयोगचाहिँ यही सानो पर्चामा भेट्नु हुनेछ। यस पर्चामा तपाईंको जीवनप्रति परमेश्वरको योजना बारे उल्लेख गरिएको छ। के तपाईंलाई थाहा छ ? परमेश्वर तपाईं यसरी ओछ्यान परेर पल्टिरहेको चाहनुहुन्न । यो लिनुहोस्। पढ्नुहोस्। यहाँ दिइएको प्रार्थनाअनुसार प्रार्थना गरेर येशूलाई ग्रहण गर्नुहोस् अनि उहाँमा विश्वास गर्नुहोस्।

**बिरामी- गरीब-व्यक्ति :** *(खुइय गर्दै)* सक्दिन ...। धेरै थलिएको छु *(कुराकानी गर्न बन्द गर्दै, हलचल नगरी पल्टन्छ ।)*

**सुसमाचार प्रचारक :** *(नारी छाम्दै)* अझै जीवित छ, परमेश्वरलाई धन्यवाद होस् । म यहाँ उहाँको बारेमा बताउन समयमा नै आएछु । यो पर्चा यही छोड्छु । अब म जानुचाहिँ बेस होला । म अन्य हराएका आत्माहरुकहाँ पनि पुग्नुपर्दछ । *(बिरामी व्यक्तिको कानमा चर्कोसँग कुराकानी गर्दै)* हामी तपाईंको निम्ति प्रार्थना गर्छौं । याद गर्नुहोस्, येशूनै समाधान हुनुहुन्छ । *(बिदा हुन्छ )*

**बिरामी- गरीब-व्यक्ति :** *(प्रचारक गएको हेर्छ, चित्कार गर्छ )* आइया, आइया...

(केही पनि नगर्नुहोस् वा जे उपयुक्त हुन्छ ।)

**समूहमा तल दिइएका प्रश्नहरु छलफल गर्नुहोस् :**

- यस भूमिका अभिनयमा के के घटना भयो ?
- यसरी नै सुसमाचार सुनाउने मानिसहरु के तपाईंले पहिले देख्नुभएको वा चिन्नुभएको थियो ?
- भविष्यसम्मको निम्ति यो कतिको सफल भयो ?
- सुसमाचार प्रचारको यो तरिका येशूले गर्नुभएको सेवाकाइको तरिकासँग कतिको मेल खान्छ ?

दुःखित मानिसहरुका विषयमा परमेश्वर चासो राख्नुहुन्छ भन्ने कुरा धर्मशास्त्रले स्पष्टसँग बताएको छ – र हामीले पनि त्यसरी नै मानिसहरुप्रति चासो राख्नुपर्दछ । मानिसप्रतिको परमेश्वरको हृदय बुझ्न हामीलाई सहायता गर्ने एउटा उत्तम “संकेत” चाहिँ येशूको महान् आज्ञामा पाइन्छ । येशूले दिनुभएको आज्ञामा सुसमाचारको “अकाट्य न्यूनत्तम” देख्दछौं । येशूले दिनुभएको आज्ञा चाहिँ स्पष्ट मात्रै होइन अद्भूत पनि छ ।

## महान् आज्ञा

**सा-साना समूहमा :**

निम्न पदहरु पढ्नुहोस् :

- *मत्ती २२ : ३६-४०*
- *मर्कूस १२ : २८-३१, ३३*
- *लूका १०: २७*
- *मत्ती ७:१२*
- *रोमी १३: ९*
- *गलाती ५:१४*

यी छवटा खण्डहरुमा के के समान्ता र के भिन्नताहरु छन् ?

- यी सबै खण्डहरुमा “आफ्नो छिमेकीलाई प्रेम गर” भन्ने वाक्य उल्लेख भएका छन् ।
- परमेश्वरलाई प्रेम गर्ने कुरा आधा मात्र उल्लेख गरिएको छ ।

दुई महान् आज्ञाहरुमध्ये कुन चाहिँ आज्ञालाई येशूले सबैभन्दा ठूलो भन्नुभयो ?

- *परमेश्वरलाई प्रेम गर्नु*

व्यवस्था र अगमवक्ताहरु एउटा महान् आज्ञामा समेटिएको छ, त्यो चाहिँ कुन होला ?

- आफ्नो छिमेकीलाई प्रेम गर्नु

तपाईंको बिचारमा येशूले यो आज्ञाको प्रयोग गर्दै किन व्यवस्था र अगमवक्तालाई सारांशित गर्न रोज्नुभयो ?

*(विद्यार्थीहरुले आफ्नै किसिमले जबाफ दिन सकून् भनेर उनीहरुलाई सोच्ने अवसर दिनुहोस् । हामीले व्यवहारद्वारा परमेश्वरप्रतिको प्रेम हामीले प्रदर्शन गरेको हुनाले विद्यार्थीहरुले निष्कर्ष निकालेनन् भने यस पाठको अन्तमा यही प्रश्नमा फर्कनुहोस् ।)*

## आफ्नो छिमेकीलाई प्रेम गर्नु

**सामूहिक रुपमा**

१ यूहन्ना ३:१७, १ यहून्ना ५:३ क, याकूब १:२७

परमेश्वरको प्रेम र मानिसहरुका आवश्यकताप्रति हाम्रो प्रत्युत्तर बीच सम्बन्ध के छ ?

- यदि हामीले परमेश्वरलाई प्रेम गर्छौं भने हामी आफ्ना छिमेकीलाई प्रेम गरेर परमेश्वरको प्रेम प्रदर्शन गर्दछौं । यदि हामीले मुखले परमेश्वरलाई प्रेम गर्छौं भन्छौं तर आफ्ना छिमेकीलाई प्रेम गर्दैनौं भने हामीले परमेश्वरलाई साँचो रुपमा प्रेम गरेका छैनौं भन्ने कुरा झल्काउँछ ।

मानिसहरुका आवश्यकतामा सहयोग नगरीकन परमेश्वरको प्रेम प्रदर्शन गर्न सम्भव छ त ?

- अहँ

मानिसहरुका सामाजिक, भौतिक र आत्मिक आवश्यकतामा सहयोग नगरीकन के हामी येशूका चेला हुन्छौं त ?

- अहँ । यदि हामीले भेडा र बाखाको दृष्टान्तमा हेर्‍यौं भने हामीले के गर्छौं र के गर्दैनौं भन्ने कुराद्वारा हामी स्पष्ट रुपमा विभक्त हुन पुग्छौं । यस दृष्टान्तमा भोकाएकाहरुकहाँ गएर प्रचार गर भनेर उहाँका अनुयायीहरुलाई अह्राइएको थिएन । यदि हामी उहाँको साँचो रुपमा अनुयायी हौं भने हाम्रा वरिपरिका मानिसहरुका आवश्यकताप्रति चासो गरेको उहाँ चाहनुहुन्छ भन्ने कुरा येशूले स्पष्टसँग यस कथामा झल्काउनु भएको छ ।

## क्रूस




चित्रमा देखाइए जस्तै बोर्डमा क्रूसको चित्र बनाउनुहोस् ।

समूहलाई वर्णन गरिदिनुहोस् :

हामीलाई यो सिद्धान्त सम्झन सजिलो हुनेगरी यो चित्र बनाइएको छ । ठाडो रेखा (The upward line) ले परमेश्वरसँगको हाम्रो सम्बन्ध प्रतिनिधित्व गर्दछ भने तेर्सो रेखा (The horizontal line ) ले मानिससँगको हाम्रो सम्बन्ध प्रतिनिधित्व गर्दछ । तेर्सो रेखालाई ठाडो रेखाले थामेर राखेको छ । ठाडो रेखाविना तेर्सो रेखा निरर्थक हुन्थ्यो । यो कुरा चित्रमा मात्रै यथार्थ होइन हाम्रो जीवनको निम्ति पनि यथार्थ हो । अरु व्यक्तिहरुसित असल सम्बन्ध स्थापित गर्नको निम्ति हामीलाई परमेश्वरको आवश्यकता पर्दछ ।

## हाम्रो छिमेकी को हो ?

**परिचय :** यो कथा येशूले अनन्त जीवन पाउन चाहने वा अर्को शब्दमा विश्वासी हुन चाहने कसैलाई भन्नुभएको कथा हो । उहाँले निम्न दुईवटा कुराहरु आवश्यक पर्दछ भनेर बताउनुभयो : हामीले परमेश्वरलाई अनि आफ्नो छिमेकीलाई प्रेम गर्नुपर्छ । त्यसपछि त्यस व्यक्तिले मेरो छिमेकी को हो भनेर येशूलाई सोधेको हुनाले उहाँले निम्न कथा भन्नुभएको थियो ।

असल सामरीको कथा पढ्नुहोस् (लूका १०:३०-३७) जसले गर्दा कक्षामा भएकाहरुले अभिनय गरुन् । कक्षामा उपस्थित प्रत्येक व्यक्तिलाई कथाको एउटा पात्र बन्न अनुरोध गर्नुहोस् । ( *यस कथामा सहायता पुऱ्याउन सात जना पात्रहरुको आवश्यकता पर्दछ : १ जना यात्री, २ जना डाँकुहरु, १ जना पूजाहारी, १ जना लेबी, १ जना सामरी, र १ जना सरायको मालिक* )

### सामूहिक रुपमा छलफल गर्नुहोस्

- के असल सामरीले भूइँमा लडिरहेको मानिसलाई चिनेको थियो ?
- त्यस व्यक्तिप्रति असल सामरीको प्रत्युत्तर कस्तो रह्यो ? अरुको भन्दा असल सामरीको व्यवहार कसरी फरक थियो ?
- असल सामरीले आफ्नो छिमेकीलाई कसरी प्रेम प्रकट गऱ्यो ? के उसले चाहिँदो जति प्रेम देखायो कि आवश्यकता भन्दा बढी ?
- हाम्रो छिमेकी को हो रहेछ भन्ने विषयमा यस कथाले के सिकाउँछ ?
- हामीले आफ्ना छिमेकीलाई यसरी प्रेम प्रकट गर्नुपर्छ भनेर यस कथाले कसरी सिकाउँछ ?

## प्रयोग

तपाईंले प्रायः भेटिरहने मानिसको विषयमा सोच्नुहोस् । तपाईंले कुनै व्यक्तिको निम्ति गरिदिन सक्ने एउटा कुरा चाहिँ के होला ?

# पाठ ४ : लूका २:५२

## विशिष्ट उद्देश्य

- हामी शारीरिक, आत्मिक,सामाजिक र मानसिक चारवटा क्षेत्रहरुमा बढ्नु आवश्यक छ भनेर बुझ्नु
- परमेश्वरले हामीलाई दिनुभएको उद्देश्य हासिल गर्न धनी हुनु पर्दैन भनेर महसुस गर्नु
- यी चारैवटा क्षेत्रहरुमा अरु मानिसहरुलाई बढ्न कसरी सहायता पुऱ्याउन सक्छु भनेर सोच्नु
- प्रयोग–मानिसहरुले आफैलाई, आफ्ना समुदायलाई र मण्डलीमा भएका कसैलाई यी चारवटा क्षेत्रहरुमध्ये कुनै एउटा क्षेत्रमा बढ्न सहायता पुऱ्याउनको निम्ति योजना बनाउनु

## परिचय

### सामूहिक रुपमा छलफल गर्नुहोस्



शून्य उमेरदेखि १८ वर्षको उमेरभित्रका बालकलाई बढ्नको निम्ति के चाहिन्छ ?

कागजका सा-साना टुक्राहरुमा यसको जबाफ लेख्नुहोस् कि त चित्र बनाउनुहोस् । कुनै क्षेत्र छुटिरहेको छ भने (तल दिइएको प्रश्न १ हेर्नुहोस्) अनि उनीहरुलाई हौसला दिनुहोस् । उदाहरणार्थ : तपाईंको बिचारमा यस व्यक्तिलाई माया गर्न परिवार वा कोही व्यक्तिको खाँचो होला ?

## लूका २:५२

लूका २:५२ पढ्नुहोस् : *"अनि येशू बुद्धिमा, कदमा र परमेश्वर र मानिसको अनुग्रहमा बढ्नुभयो ।"*

येशू कुन कुन चार क्षेत्रहरुमा बढ्नुभयो ? यी चार किसिमका वृद्धिका निम्ति अन्य के के सामान्य शब्दहरु चलाउन सकिन्छ ?

- बुद्धिमा– बौद्धिक
- कदमा – भौतिक
- परमेश्वरको अनुग्रहमा – आत्मिक
- मानिसको अनुग्रहमा –सामाजिक

परिचय खण्डका कार्डहरु लिनुहोस् अनि यी हेरक क्षेत्रमा यी कार्डहरु कसरी मेल खान्छन् देखाउनुहोस् । हामी पनि यी चारैवटा क्षेत्रहरुमा बढ्न आवश्यक छ भनेर उल्लेख गर्नुहोस् । मानिसहरु यी क्षेत्रमा बढ्नु आवश्यक छ भनेर सोचबिचार गर्न चारैवटा क्षेत्रलाई एउटा नमूनाको रुपमा प्रयोग गर्न सक्छौं ।

## येशूको वृद्धि

स-सानो समूहमा विभक्त भएर तल दिइएका प्रश्नहरुको जबाफ भन्नुहोस् :

१. येशूको वृद्धि तत्कालै भयो कि प्रक्रियागत हुँदैगयो ?

- येशूको वृद्धि प्रक्रियागत रुपमा बिस्तारै हुँदैगयो ।

२. येशू हुर्कनुभएको समयमा शारीरिक तथा भौतिक अवस्थाहरु कस्ता थिए ? (के येशू विश्वविद्यालय जानुभयो ? के उहाँको घरमा बिजुली थियो ? के उहाँसँग घरमा प्रशस्त अन्नपात थियो ? के उहाँ लेखपढ गर्न सक्नुहुन्थ्यो ? के उहाँका आमाबाबु मायालु हुनुहुन्थ्यो ? )

- येशू गरीब परिवारमा हुर्कनुभयो । उहाँका परिवारले एक जोडी परेवा चढाउनुपर्ने थियो । (लूका २:२४ र लेबी १२:८ मा हेर्नुहोस् )
- जेहोस्, उहाँसँग पुग्दो खानेकुरा थियो । उहाँको बुबाको पेशा थियो र उहाँका परिवार मायालु परिवार थिए ।

३. के येशूसँग आफ्नो जीवनमा परमेश्वरको उद्देश्य पूरा गर्नका निम्ति आवश्यक श्रोतहरु उपलब्ध थिए ? किन थिए ? किन थिएन ?

- यूहन्ना १७:४ ले परमेश्वरले येशूलाई दिनुभएको जिम्मेवारी पूरा गर्नुभयो भनेर बताउँदछ । उहाँ आफ्नो उद्देश्य हासिल गर्न सक्षम हुनुभयो ।

४. परमेश्वरको अभिप्रायअनुसार चल्न हामीलाई कति जति सम्पति चाहिएला ?

- येशू गरीब हुनुहुन्थ्यो तर उहाँ आफ्नो जीवनमा परमेश्वरको अभिप्रायअनुसार चल्न सक्षम हुनुभयो ।

५. येशू चारैवटा क्षेत्रहरुमा बढ्नुभयो । के हामी अरुहरुलाई यी चारैवटा क्षेत्रमा बढ्न सहयोग गर्न सक्छौं होला ? कसरी ?

- हजूर, हामीलाई यी चार क्षेत्रहरुले अरुहरुलाई यी क्षेत्रमा सहयोग गर्न सकिन्छ भनेर नमूना प्रस्तुत गरेका छन् ।

६. यदि येशूको विकास धेरै वर्षको प्रक्रिया हो भने अरु मानिसहरुका विकासका निम्ति भने कति समय लाग्ला त ? हामीले मानिसहरुको जीवनमा लगानी गर्न कति वर्षको निम्ति तयार हुनुपर्छ ?

- मानिसहरुको विकास हुन समय लाग्छ । यदि हामी उनीहरुलाई सहायता गर्न चाहन्छौं भने धेरै वर्षसम्म घण्टौं समय दिन तत्पर हुनुपर्दछ ।

## हाम्रो जीवनमा प्रयोग

येशू बढ्नुभए झैं हामी मात्रै यी चारवटा क्षेत्रहरुमा बढ्नु हुँदैन तर अरुहरुलाई पनि यी चारवटा क्षेत्रहरुमा बढ्न सहयोग गर्नुपर्दछ । तपाईं यी हरेक क्षेत्रमा कसरी बढ्न सक्नुहुन्छ साथै आफ्ना परिवार, मण्डली, समुदायलाई यी चारैवटा क्षेत्रहरुमा बढ्न कसरी सहयोग पुऱ्याउन सक्नुहुन्छ त्यसको उदाहरणसहित चार्टमा भर्नुहोस् ।

*शिक्षण नोट : यदि तपाईंसँग चार्ट उपलब्ध छैनन् भने बोर्डमा चार्ट बनाउनुहोस् र सहभागीहरु स्वयम्ले आफ्ना निम्ति कागजमा चित्र कोर्न सक्छन् ।*

स्मरण रहोस् ...

- एक हप्ता भित्रमा फत्ते गर्न सकिने कुरा छान्नुहोस् । यदि साह्रै ठूलो कुरा छान्नुभयो भने त्यसलाई सिध्याउन गाह्रो पर्छ र परिणाम चाहिँ निराशा हात लाग्छ । सानो कुरा रोज्नुहोस् जसले गर्दा तपाईंले सफलता प्राप्त गर्न सक्नुहुन्छ अनि अर्को हप्ताको निम्ति अर्कै कुरा छान्न सक्नुहुन्छ ।
- तपाईंले पहिला नगरेको कुरा रोज्नुहोस् ।

* *कम साक्षर समूह* – यदि समूहलाई तालिकामा भर्न गाह्रो परेमा सिर्फ निम्न क्षेत्रहरुमा छलफल गर्नुहोस् :

- आफ्नो परिवारको विषयमा सोच्नुहोस् । के तपाईंका परिवार सदस्यहरु यी चारैवटा क्षेत्रहरुमा बढ्दैछन् ? यी क्षेत्रहरुमध्ये कुनै एउटा क्षेत्रमा बढ्नको निम्ति तपाईंको परिवार वा तपाईंको परिवारमा भएको कुनै व्यक्तिलाई तपाईंले सहायता गर्न सक्ने एउटा कुरा के होला ?
- आफ्नो मण्डलीको विषयमा सोच्नुहोस् । यी चारैवटा क्षेत्रहरुमध्ये कुनै एउटा क्षेत्रमा बढ्नको निम्ति तपाईंले सहायता पुर्‍याउन सक्ने तपाईंको मण्डलीमा कोही व्यक्ति छन् ? तपाईंले के गर्न सक्नुहुन्छ होला ?
- आफ्नो समुदायको विषयमा सोच्नुहोस् । यी चारैवटा क्षेत्रहरुमध्ये कुनै एउटा क्षेत्रमा बढ्नको निम्ति तपाईंले सहायता पुर्‍याउन सक्ने तपाईंको समुदायमा कोही व्यक्ति छन् ? तपाईंले के गर्न सक्नुहुन्छ होला ?

| **वृद्धिको सन्दर्भ** | **येशूको वृद्धिका चार क्षेत्रहरु** | | | |
|---|---|---|---|---|
| | **बुद्धि** | **भौतिक** | **आत्मिक** | **सामाजिक** |
|  **आफू** | मैले धेरै-धेरै सिक्न चाहेको क्षेत्रको बारेमा पुस्तक वा लेख पढ्छु । | निकै लामो दूरी हिँड्छु । | प्रार्थनामा समय बिताउन आधा दिन जति एकान्तवास बस्छु । | साथीलाई उत्साहजनक सन्देश पठाउँछु । |
|  **परिवार** | मेरो परिवारमा हितोपदेशका दुईवटा पदहरु लागू गर्ने विषयमा छलफल गर्छु । | परिवारसँग खाना खाइसकेपछि थालभाँडा माझ्छु | म आफ्नो परिवारलाई दैनिक प्रार्थनामा अगुवाइ गर्छु । | छोराछोरी नलिइकन आफ्नो श्रीमतीसँग घुम्न जान्छु । |
|  **मण्डली** | शनिबारको वचन जीवनमा लागू गर्न सोमबार प्रार्थना सङ्गति गर्छु । | मण्डलीमा भत्केको वा टुटुको थोकको मर्मत गर्छु । | मण्डलीका पाष्टर तथा एल्डरहरुका निम्ति हरेक दिन प्रार्थना गर्छु । | घरमा चिया तथा कफी खुवाउन मण्डलीका बिभिन्न व्यक्तिहरुलाई घरमा डाक्छु । |
|  **समुदाय** | समाजको अगुवासँग समाजका समस्याहरु बारे छलफल गर्छु । | छिमेकीमा उताउता घुमघाम गर्छु र फोहोर-मैला टिप्छु । | क्रसमस मनाउँदा छिमेकीहरुलाई घरमा डाक्छु । | छिमेकीका बालबालिकाहरुसँग फुटबल खेल्छु । |

*विद्यार्थीहरुलाई चिन्तन-मनन गर्न प्रयाप्त समय दिनुहोस् । मनमा जे जे आउँछ त्यसै गर्न कोसिस गर्नुभन्दा पनि सान्दर्भिक बिचार ल्याउन र आफूले गर्न सक्ने पहिलो विषयमा सोचबिचार गर्न विद्यार्थीहरुले समय पाउनुचाहिँ महत्त्वपूर्ण हुन्छ ।*

विद्यार्थीहरुले आ-आफ्ना बिचारहरु लेखिसकेपछि सबैको सामुन्ने कसै-कसैलाई स्वेच्छिक रुपमा आ-आफ्ना बिचारहरु बाँड्न आग्रह गर्नुहोस् । (यदि सबैले सिध्याउन प्रयाप्त समय पाएनन् भने उनीहरुलाई घर लगेर पूरा गर्नु भनेर उत्साह दिनुहोस् ।)

२–३ जना व्यक्तिहरुका समूहमा (३ जनाभन्दा बढी हुनुहुँदैन) म यो गर्न प्रतिवद्ध छु भनेर एउटा कुरा बताउनुहोस् । आ-आफ्नो अठोट पूरा गर्न सबैलाई परमेश्वरले सामर्थ्य दिनुभएको होस् भनेर सबैको निम्ति प्रार्थना गर्नुहोस् ।

# पाठ ५ : मण्डलीले सहायता पुऱ्याएको परमेश्वर चाहनुहुन्छ

**विशिष्ट उद्देश्यहरु**

- कार्य र चचनद्वारा सेवा गर्न परमेश्वरको बोलाहट बुझ्नु
- कार्यद्वारा प्रेम प्रदर्शन गरेमा समुदायमा भएका मानिसहरु मण्डलीप्रति आकर्षित हुनेछन् भनेर बुझ्नु
- परमेश्वरको प्रेम प्रकट गर्न मण्डलीले गर्न सक्ने कुरा पहिचान गर्नु

## परिचय

**चार समूहमा**

तपाईंको मण्डलीले के के गर्न सक्छ त्यसको सूची बनाउनुहोस् ( आवश्यक भएमा हरेक क्रियाकलाप झल्काउने चित्र कोर्नुहोस् ) ।

सकिएपछि समूहलाई सूचीवद्ध गरिएका गतिविधि पढ्न लगाउनुहोस् र ती गविविधि विश्वासीका निम्ति हुन् कि गैर-विश्वासीका निम्ति हुन् चिन्ह लाउन लाउनुहोस् । गरीब र अभावमा परेकाहरुका निम्ति कति गतिविधिहरु केन्द्रित छन् त ?

**सामूहिक रुपमा संक्षेपमा छलफल गर्नुहोस्**

१. समुदायका मानिसहरुले मण्डलीको विषयमा के सोच्छन् ?
२. समुदायका मानिसहरुले मण्डलीले के गर्छ भनेर सोच्छन् ?
३. समुदायका मानिसहरुले खीष्टियनहरुका विषयमा के सोच्छन् ?
४. के समुदायका मानिसहरु मण्डली आउन चाहन्छन् वा तपाईंचाहिँ उनीहरुकहाँ गएर उनीहरुलाई डाक्नुपर्छ ?
५. तपाईंको बिचारमा समुदायमा मण्डली कहिल्यै पनि नभइदिएको भए समुदायका मानिसहरुले के अनुभूति गर्थे होलान् ?
६. तपाईंको बिचारमा यस कुराले परमेश्वरलाई खुसी तुल्याउला त ?

## यशैया ५८ पढ्नुहोस्

यो कुरा यशैयाले परमेश्वरले छान्नुभएका आफ्ना जन इस्रायलीहरुलाई लेखेका हुन् भनेर वर्णन गर्नुहोस् । योचाहिँ आजका मण्डलीका निम्ति उदाहरण हो ।

यशैया ५८: १-१० पढेर छलफल गर्नुहोस् :

क. मानिसहरु के गर्दैथिए ?

ख. ती मानिसहरुप्रति परमेश्वरको प्रतिक्रिया कस्तो थियो ?

ग. परमेश्वरले किन त्यस प्रकारले प्रतिक्रिया जनाउनुभयो ?

*कक्षालाई चार वा पाँच जना समूहमा विभाजन गर्नुहोस्* । हरेक समूहलाई तस्बिरद्वारा वा वाक्यमा लेखेर यस अनुच्छेदको सार प्रस्तुत गर्न लाउनुहोस् ।

हरेक समूहले आ-आफ्नो वाक्य वा तस्बिर प्रस्तुत गरिसकेपछि तपाईंहरुका बिचारमा यी धारणाले वर्तमान मण्डलीको सन्दर्भमा के अर्थ राख्छ होला भनेर सहभागीहरुलाई सोध्नुहोस् ।

## नून र ज्योति

### सानो वा ठूलो दुवै समूहमा

मत्ती ५:१३ पढ्नुहोस्

- येशू प्रभुले किन खीष्टियनहरु "पृथ्वीको नून" हुन् भन्नुभयो ?
- हामी कसरी "नून" जस्तै बन्न सक्छौं ?
- कसरी हामीले आफ्नो "नूनिलोपन" गुमाउँछौं ?

मत्ती ५:१३–१६ पढ्नुहोस्

- के हामी कहिलेकाहीँ "ज्योति" छोप्ने प्रयास गर्छौं ?
- हामी कसरी अझै उज्ज्वल भएर चम्कन सक्छौं त ?

### नून र ज्योति हुने बारेमा कथाहरु

### कथा १ – गरीबका निम्ति सारी

यस मण्डलीका विश्वासीहरुले आफैलाई पिल्सिएका धार्मिक अल्पसङ्ख्यक समूहको रुपमा सोच्दथे । उनीहरु खीष्टियन समुदाय बाहिर सेवा-कार्य गर्न डराउँथे । सम्पूर्ण समुदायमै खीष्टको प्रेम प्रकट गर्नुपर्छ भनेर सिकेपछि पाष्टरले मण्डलीका दिदीबहिनीहरुलाई यो आउँदो हप्ता समुदायमा के के आवश्यकता रहेछ पत्ता लाउनुहोस् भनेर उत्साह दिए ।

अर्को साप्ताहिक सङ्गतिमा दिदीबहिनीहरुले १२ जना हिन्दु दिदीबहिनीहरुसँग एउटा मात्र सारी रहेछ भन्ने तथ्य बताए । तातो हावापानी भएको ठाउँमा सारी दिनदिनै धुनुपर्दछ । यदि कुनै महिलाको एउटा मात्र सारी छ भने धोएको सारी नसुकुन्जेल उनी घरभित्रै बसिरहनु पर्दछ । पाष्टरले सङ्गतिको समयमा तपाईंहरु कोसँग तीनवटा सारी छन् र ती हिन्दु महिलाहरुलाई एउटा सारीचाहिँ दान स्वरुप दिन चाहनुहुन्छ भनेर प्रश्न गरे । धेरै जना दिदीबहिनीहरु उल्लेखित आवश्यकता पूरा गर्न तत्पर भए । अर्को हप्ता विश्वासी दिदीबहिनीहरु एउटा मात्र सारी भएका हिन्दु दिदीबहिनीहरुका घर-घरमा गएर अर्धानो सारी बाँडे । हिन्दु दिदीबहिनीहरु त्यस कार्यले यति प्रभावित भए कि उनीहरुले खीष्टियन दिदीबहिनीहरुलाई घरमा प्रार्थना गर्न डाके । केही गर्भवती हिन्दु दिदीबहिनीहरुले त आफ्नो गर्भको नानीको निम्ति प्रार्थना गर्न पनि अनुरोध गरे ।

### कथा २ – समुदायका निम्ति पानी

कुनै एउटा ठाउँमा मानिसहरुलाई पानीको साह्रै दुःख थियो । मण्डलीले आफ्नो समुदायको निम्ति केही गर्नुचाहिँ परमेश्वरको इच्छा रहेछ भनेर सिकेपछि मण्डलीका अगुवाहरुले पानीको समस्या भएको क्षेत्रमा के गर्न सकिन्छ होला भनेर पत्ता लाउने अठोट गरे । हाते पम्पको निम्ति भाडामा औजार चलाउन सकिने रहेछ भनेर उनीहरुले पत्ता लाए । शुरुमा त मानिसहरुले त्यो बिचार स्वीकार गरेनन्–उनीहरुले पानीको सतह धेरै तल होला भनेर सोचे । यदि हाते पम्प चलाएर पानी आउने भएको भए किन त पहिले इनार नखनेको त भनेर मानिसहरुले तर्क सारे ?

यद्यपि, मण्डलीका अगुवाहरुले कोसिस गर्ने अठोट गरे । उनीहरुले जमीनमा धसिने एक-एक मिटर लामो स्टील सिलिन्डर (Steel Cylinder) र पेचकस ( Winch) भाडामा लिए । उनीहरुले आफ्नो समुदायको निम्ति ती सामाग्रीहरुलाई प्रयोग गर्न अघि सरे अनि मण्डलीको आफ्नै जग्गाको पछाडिपट्टि इनार खन्न सुरुआत गरे । ४५ फिटमा पानी आएपछि सबैले हर्ष-बढाइँ गरे ।

गैर-विश्वासीहरु भने खुसी थिएनन् । उनीहरुले यो पानी त ख्रीष्टियनहरुका लागि मात्रै होला भनेर सोचेका थिए । तर, मण्डलीले पानी निकाल्न सफल भएकोमा परमेश्वरको आशिषमा सहभागी हुन सारा समुदायलाई डाके । केही समय नबित्दै ग्रामीण समुदायका नजिकै इलाकाका प्रतिनिधिहरुले समुदायका अन्य क्षेत्रहरुमा पनि इनार खन्न सहायता गर्नुहुन्छ कि भनेर मण्डलीका अगुवाहरुलाई अनुरोध गर्न थाले । मण्डलीले सकारात्मक प्रत्युत्तर जनायो । एक वर्ष पुग्दा-नपुग्दै ८० फिटसम्म गहिरा १५ वटा इनारहरु खनिए ।

मण्डलीले समुदायलाई यसरी परमेश्वरको प्रेम प्रस्तुत गरेको हुनाले मानिसहरु मण्डलीदेखि असाध्यै प्रभावित भएका थिए । मण्डलीले परमेश्वरको प्रेमको सन्देश सुन्न आउनुहोस् भनेर समुदायलाई डाक्दा मण्डलीमा मानिसहरुको भीड खचाखच हुन्थ्यो । उनीहरुमा परमेश्वरको बारेमा र इनार खनिदिने व्यक्तिहरुको बारेमा अझै धेरै जान्न खुलदुली हुन्थ्यो ।

### छलफल गर्नुहोस्

- ती मण्डलीहरुले के गरे ?
- के ती मण्डलीहरु धनी थिए त ?
- ती मण्डलीहरुले के प्रयोग गरे ?
- उनीहरुले किन त्यसो गरे त ?
- उनीहरुले गरेको कार्यको प्रभाव कस्तो रह्यो ?

## भेडा र बाखा–मत्ती २५: ३१-४६

### सामूहिक रुपमा

मत्ती २५: ३१-४६ पढ्नुहोस्

१. भेडा र बाखा बीचमा अन्तर के थियो ?

२. भेडाले गरेका त्यस्ता थोकहरु के के हुन् ? के यी आत्मिक वा भौतिक थोक हुन् ?
*(विद्यार्थीहरुलाई यस खण्डले दिएको महत्त्व चाहिँ भौतिक पक्षसँग गाँसिएको छ भनेर बुझ्न सहायता गर्नुहोस् । येशूले भन्नुभएन,"म भोकाएको थिएँ र तिमीहरुले मलाई पर्चा दियौ" वा " म अस्पतालमा थिएँ र तिमीहरुले मलाई वचनको टेप पठाइदियौ ।"* यहाँ उल्लेखित कुरा भनेका भौतिक आवश्यकताका भौतिक समाधान थिए ।)

३. तपाईंको मण्डलीले येशूले भन्नुभएको कुरा कतिको गर्ने गर्दछ ?

४. यदि तपाईंको मण्डलीका सबै विश्वासीहरुले यस्ता काम गर्ने हुँदा हुन् त तपाईंको समुदायमा कस्तो प्रभाव पर्थ्यो होला ?

(सम्भावित उत्तरहरु)

- मानिसहरुमा मण्डलीको सकारात्मक प्रभाव हुन्थ्यो ।
- उनीहरुका जीवनमा सुधार आउँथ्यो ।
- उनीहरु परमेश्वरका बारेमा जान्न अझै खुला हुन्थे ।

## प्रयोग

सहभागीहरुलाई समूह-समूहमा विभाजन गर्नुहोस् र तल दिइएका चार्टमा भर्न लाउनुहोस् । मण्डलीले निम्न उल्लेखित हरेक क्षेत्रमा कसरी सहयोग पुऱ्याउन सक्ला सो बारे केही बिचारहरु लेख्नुहोस् ।

| आवश्यकता | मण्डलीले सहायता पुऱ्याउन सक्ने क्षेत्रहरु |
|---|---|
| **भोकाएकाहरु**  | |
| **तिर्खाएकाहरु**  | |
| **नाङ्गाहरु**  | |
| **वास नपाएकाहरु**  | |
| **विरामीहरु**  | |
| जेलमा परेकाहरु  | |

# पाठ ६ : हामीले सहायता पुऱ्याउन सक्ने आवश्यकताहरु के के होलान्

**विशिष्ट उद्देश्यहरु**

- समुदायमा भएका श्रोतसाधनहरु पहिचान गर्न
- समुदायमा भएका श्रोतसाधनहरु प्रयोग गर्नका निम्ति व्यावहारिक उपाय निकाल्न
- समुदायमा भएका समस्याहरुप्रति विद्यार्थीहरुको आँखा खोल्नु

## पाष्टर वोङको दर्शन

पाष्टर वोङको कथा परिशिष्टाङ्क १ मा पढ्नुहोस्

**सा-सानो समूहमा छलफल गर्नुहोस् :**

- पाष्टर वोङको समुदायमा भेटिएका समस्याहरु के के हुन् ? ती समस्याहरुलाई आत्मिक, सामाजिक, भौतिक र मानसिक गरी चार क्षेत्रहरुमा विभक्त गर्नुहोस् ।
- त्यस समुदायको निम्ति परमेश्वरको अभिप्राय के थियो ? हरेक समस्या केलाउनुहोस् अनि येशूले ती समस्याका समाधान बारे के के भन्नुभयो कुरा हेर्नुहोस् ।
- पाष्टर वोङलाई येशूले के गर्न भन्नुभयो ?

## घटना अध्ययन : जोस र मारिया

सा-सानो समूहमा तल दिइएको घटना अध्ययन केलाउनुहोस् । (प्रत्येक प्रश्नको लागि केही नमूना उत्तरहरु दिइएका छन् ।)

जोस र मारियाको घर हालसालै आगोले जलेर नष्ट भएको छ । केही पनि बाँकी रहेन । हिजो पाँच जना छोराछोरी लिएर उनीहरु आफन्तकहाँ बस्न गए । यद्यपि, आफन्तको सानो झुपडीमा बस्ने १० जना बालबालिकाहरु त छँदैछन् । फेरि अरु सात जनाको निम्ति त बस्ने ठाउँ नै पुग्दैन । जोस किशान हुन् । उनले आफ्नो थोरै खेतमा अन्न रोपिसकेका छन् । तर अन्न पाक्न अझै तीन महिना कुर्नुपर्छ । उनले आफूसँग भएको सबै पैसा बारीमा छर्ने बीउको निम्ति खर्च गरे । र, बाँकी रहेको पैसाचाँहि जलेर खरानी भयो ।

त्यस परिवारका आवश्यकताहरु के के हुन् ?

- खाना
- वास-स्थान
- लत्ता-कपडा
- पकाउने कुरा
- घर पुनर्निमाण हुने बखतमा अन्यन्त्रै सुत्नुपर्ने

समुदायलाई सहायता गर्नका निम्ति उपलब्ध थोकहरु के के छन् ?

- **मानिसहरु**

  क. नयाँ घर बनाउने परिश्रम

ख. स्वयम्सेवकको रुपमा घर बनाउनेहरुका निम्ति खाना तयार पार्ने व्यक्तिहरु

ग. बालबालिका हेरिदिने व्यक्तिहरु

घ. परिवारलाई सान्त्वना र सहयोग गर्ने मानिसहरु

ङ. घर जलेको ठाउँ सफा गर्न सहायता गर्ने मानिसहरु

च. अत्यावश्यक सहयोग उपलब्ध गर्ने सरकारी कर्मचारी

- **भौतिक कुरा**

  क. थप भाँडावर्तन

  ख. खाना

  ग. लत्ताकपडा

  घ. कम्बलहरु

- **सुविधा**

  क. कतै बस्ने ठाउँ

## हाम्रो समुदाय

सा-साना समूहमा विभाजन गर्नुहोस् अनि तलका प्रश्नहरुको जबाफ दिनुहोस्। यदि तपाईं सक्नुहुन्छ भने समूहहरुलाई आ-आफ्ना समुदायमा भएका समस्याहरु याद होस् भनेर १० मिनेटदेखि २० मिनेटसम्म आ-आफ्ना समुदायको वरिपरि जान उत्साह दिनुहोस्।

१. तपाईंको समुदायमा भएका समस्याहरु के के हुन् ?

**सिड भोटिङ्** ( Seed Voting) प्रक्रियाद्वारा मुख्य तीनवटा समस्याहरु छान्नुहोस् ( शिक्षक निर्देशिका हेर्नुहोस्) ।

तपाईंको मण्डलीलाई परमेश्वरले के गर्न भनिरहनुभएको छ ? तपाईंले पहिचान गर्नुभएका तीनवटा समस्याहरु लिनुहोस् अनि प्रत्येक समस्यालाई समाधान गर्न सहायता मिल्ने समुदायमा के त्यस्ता कुरा छन् त्यस बारे सोच्नुहोस्। हुनसक्छ– कस्ता किसिमका मानिसहरु, भौतिक वस्तु, धनराशी र सुविधाहरु उपलब्ध छन् त्यस बारे बिचार गर्नुहोस्।

**शिक्षक निर्देशिका**

कक्षामा सिड भोटिङ गर्ने दुईवटा तरिकाहरु

१) हरेक व्यक्तिलाई दशवटा चीजहरु दिनुहोस् (दन्तमञ्जन, पातहरु, ढुङ्गाहरु,आदि) र उनीहरुलाई आफूले पाएको चीज निम्न तरिकाले राख्न अह्राउनुहोस् : चारवटा चीजचाहिं आफूलाई निकै महत्त्वपूर्ण लागेको प्रोजेक्टका निम्ति, तीनवटा थोक दोस्रो महत्त्वपूर्ण प्रोजेक्ट, दुईवटा तेस्रो महत्त्वपूर्ण प्रोजेक्ट र एउटाचाहिँ चौथो महत्त्वपूर्ण प्रोजेक्टका निम्ति छुट्याउनुहोस्।

२) हरेक व्यक्तिलाई दशवटा चीजहरु दिनुहोस् अनि त्यसपछि उनीहरुलाई महत्त्वपूर्ण लागेका प्रोजेक्टका निम्ति चीजहरु थपिदिंदै ती चीजहरु प्रोजेक्टहरुका बीचमा बाँड्नुहोस्।

दुवै तरिकाले कुन चाहिँ प्रोजेक्टले सबैभन्दा बढी भोट् वा चीज प्राप्त गर्छ भनेर देखाउने छ।

# पाठ ७ : परमेश्वरको राज्यको हिसाब

**विशिष्ट उद्देश्यहरु**

- मानिसहरुले परमेश्वरको आज्ञा पालन गरे भने उनीहरुमा परमेश्वरद्वारा प्रशस्तता र आशिष मिल्नेछ भनेर बुझ्नु
- बीऊ छर्ने व्यक्तिले प्रशस्त गरी व्यक्तिगत रुपमा प्रतिफलको अनुभव नगरे वा नदेखे तापनि आज्ञाकारितामा छरिएको र परमेश्वरद्वारा प्रशस्त तुल्याइएको बीऊले फल फलाउनेछ भनेर कटनीको सिद्धान्त बुझ्नु
- गरीबहरुले पनि "आफ्ना छिमेकीलाई आफैंलाई जस्तै प्रेम गर्न" सक्छन् भनेर थाहा पाउनु
- आफ्ना छिमेकीलाई प्रेम गर्ने आज्ञा पूरा गर्न मानिसहरुसँग केही चीज छ भन्ने कुरा महसुस गर्नु
- अरुहरुलाई प्रेम गर्नमा आज्ञा मान्दा वा नमान्दाका परिणामहरु पाइन्छन् भनेर बुझ्नु

**नोटहरु**

७.१ यशैया ४०: २९ चिन्हहरु ( ५ पेज/ १ सेट मात्र)

७.२ पाँच रोटी र दुई माछा खामहरु (प्रत्येक समूहलाई १ खाम )

७.३ एलिया र विधुवा खामहरु (प्रत्येक समूहलाई १ खाम )

७.४ विधुवा र उनका दुई सिक्का खामहरु (प्रत्येक समूहलाई १ खाम )

७.४ तोडाका उखान खामहरु (प्रत्येक समूहलाई १ खाम )

नोट : यदि समूह गणितमा त्यति सक्षम छैनन् भने उनीहरुसँग **पहिला** र **पछि** भनेर उल्लेख गर्ने कार्डहरु मात्र प्रयोग गर्नुहोस्। समूहलाई पहिला र पछि भन्ने दुईवटा रासमा भएका तस्बिरहरु छुट्याउन लाउनुहोस्। उनीहरुलाई सोध्नुहोस्, "यी दुईवटा रासहरु बीच के भिन्नता छ ? मानिसहरु एउटा रासदेखि अर्को रासमा कसरी जान्छन् ?" **परमेश्वर**। परमेश्वरले नै वृद्धि गराउनुभयो भन्ने कुरा सहभागीहरुले बुझेका छन् कि छैनन् भनेर सुनिश्चित गर्नुहोस्।

## परिचय : यशैया ४०: २९

बाइबलमा गणितीय सिद्धान्त छ भनेर थाहा पाउनु भयो त ? यस पाठमा बाइबलमा पाइएका केही बाइबलीय सिद्धान्तहरु हेर्न लागिरहेका छौं।

यशैया ४०: २९ पढ्नुहोस्। यो पदचाहिँ यस पाठको प्रमुख पद हुनेछ।

**सामूहिक रुपमा छलफल गर्नुहोस् :**

- को बलियो छ ? को कमजोर छ ?
- परमेश्वरले हाम्रो निम्ति के गर्नुहुन्छ ?

- के यस पदलाई हामी गणितीय सूत्रमा राख्न सक्छौं ? हेरौं है त । यदि समूह ठूलो छ भने पाँच जना सहभागीहरुलाई अगाडि बोलाउनुहोस् अनि उनीहरु प्रत्येकलाई शब्द वा गणितीय चिन्हहरु (पोष्टर प्याकमा राखिएका कार्डहरु) । सानो समूहको निम्ति सबै कार्डहरु भुइँमा राख्नुहोस् अनि ती कार्डहरुलाई सबैले मिलेर क्रमशः मिलाएर राख्न लाउनुहोस् ।

  **" हाम्रो कमजोरी x परमेश्वर = बल "**

  यस पदबाट अर्थात "सूत्र" बाट हामी के सिक्न सक्छौं ?

## # १ "एउटा ठिटो र उसको दिउँसोको खाना" (यूहन्ना ६:१-१४)

ठिटा र उसको दिवा खानाको कथा सिर्जनात्मक तरिकाले बताउनुहोस् ।

*एउटा सानो ठिटो थियो । उसले ग्यालिलीको समुद्रमा प्रसिद्ध गुरु आउदैहुनुहुन्छ भन्ने सुन्यो , र उहाँकहाँ गएर उहाँले बोलेका कुरा सुन्न चाहन्थ्यो । उसले आमालाई सोध्यो तर आमाले हुँदैन भनिन् । ठाउँ धेरै टाढा थियो र खाना लगभग तयार भइसकेको थियो । उसले जिद्दी गरेकोले अन्तमा उसको आमाले हुन्छ भनिन् । उसको आमाले रुमालमा थोरै खाना पोको पारी दिइसकेपछि ऊ घरबाट हिँड्यो ।*

*जब ऊ आफ्नो गन्तव्यमा पुग्यो, त्यो ठाउँ मानिसहरुको भीडले भरिभराउ भइसकेको थियो । अरु ठिटा जस्तै ऊ पनि भीडबाट छिरेर अगाडि पुग्यो । अन्ततः ऊ गुरु र उहाँका कुरा सजिलैसँग सुन्न सक्ने ठाउँमा पुग्यो । गुरुले बोल्ने तरिकाले र उहाँले भनेका कुरा उसले विश्वास नगरी रहन सकेन । उसले खाना खानु पूर्ण रुपमा बिर्सेछ । अन्तमा, उसमा भोकको पीडा धेरै धेरै बढ्दै गएकोले आमाले पोको पारिदिएको खाना उसले सम्भ्यो । उसले आफूलाई त्यति ध्यान नदिइकन खल्ती छाम्यो ।*

*अचानक, गुरु रोकिनुभयो र उहाँले आफ्ना चेलाहरुलाई सबैलाई खाना खुवाओ भन्नुभयो । केटाले वरिपरि हेऱ्यो र उसले २०,००० जति मानिसहरु भेला भएको थाहा पायो । "गजब" † उसले आश्चर्य प्रकट गऱ्यो,"यतिका धेरै मानिसहरुका निम्ति खाना कसरी खुवाउलान् त ?" ऊ तीन छक्क परिरहेकै बेला चेलाहरुमा पनि उस्तै किसिमका विचार उब्जिरहेको आभास हुन्थ्यो । र, एक जना चेलाले यतिका धेरै मानिसहरुलाई खाना खुवाउन पैसा कहाँबाट ल्याउने होला भनेर गुरुलाई प्रश्न सोध्यो । यसको निम्ति कम्तिमा दुई वर्ष बराबरको ज्यालको आवश्यकता पर्दछ ।*

*गुरुले चेलाहरुलाईभ सोध्नुभयो," तिमीहरुसँग के छ ?" सानो केटाले आफ्नो खाना लुकाउन थाल्यो तर ऊ धेरै ढीलो भइसकेको थियो । आन्द्रियास नाम गरेका एक जना सहयोगीले त्यस ठिटालाई देख्यो । उसले "गुरु" हामीसँग रोटीका १,२, ३,४, ५ वटा टुक्राहरु र २ वटा माछा छन्" भन्यो ।*

*गुरुले भन्नुभयो," त्यो मकहाँ ल्याऊ ।"*

*अब के भयो कल्पना गर्न सक्नुहुन्छ ?*

*आन्द्रियासले त्यस केटालाई भन्यो,"गुरुले तिम्रो खाना चाहनुहुन्छ ।" त्यस ठिटाले आफ्नो खाना आन्द्रियासलाई दिन मञ्जुर गऱ्यो र आन्द्रियासले त्यो खाना गुरुलाई दियो ।*

*येशूले त्यस ठिटोको खाना लिनुभयो र धन्यवाद दिनुभयो । त्यसपछि, त्यो खाना बाँड्न थाल्नुभयो । सहयोगीहरुले खाना बाँड्दै गर्दा त्यस ठिटाले तीन छक्क परेर हेरिरह्यो । सबैले नघाइन्जेल खाए र खाइरहे । उसले वरिपरि हेऱ्यो । उसले १२ डालाहरु खाना उब्रेको देख्यो ।*

*अब ऊ घर गएर आफ्ना आमालाई नबताई रहन सकेन । ऊ घरतिर दौडेर गयो र आमालाई मेरो खानाले ५००० पुरुष, स्त्री र बालबालिकालाई पुग्यो भनेर आश्चर्य मान्दै भन्यो । उसको आमा ऊतिर फर्केर खुइय गर्दै भनिन्," छोरा, तिमीलाई मैले कतिपटक यस्ता नचाहिँदा कथा नभन भनूँ ।"*

**यस कथालाई कसरी सूत्रमा बदल्न सक्छौं ?**

*३-४ जना व्यक्तिहरुको समूहमा विभाजन गर्नुहोस् अनि हरेक समूहलाई " ठिटा र उसको खाना" लेखेको खाम दिनुहोस् । अथवा, ठू-ठूला चिन्हहरु कोर्नुहोस् अनि समूहलाई मिलेर सूत्र बनाउन लाउनुहोस् । उत्तर भेट्न सजिलो हुने सुझाव / सल्लाह दिनुहोस् । समूहले मिलेर गणितीय सूत्र बनाइसकेपछि बाँकीचाहिँ साना समूहहरुमा बनाउन सकिन्छ ।*

**उत्तर :** " ठिटो + ५ रोटी + २ माछा x येशू = ५००० को निम्ति खाना + स्त्रीहरु र बालबालिका + १२ डालाहरु "

अब परमेश्वरको राज्यको हिसाब

**सामूहिक रुपमा छलफल गर्नुहोस् :**

- के येशूलाई त्यस ठिटा र उसको खानको आवश्यकता पर्दथ्यो त ? ती मानिसहरुलाई खुवाउन येशूले अर्को तरिकाले खुवाउन सक्नुहुन्न थियो त ?
- किन येशूले त्यस सानो ठिटाको खानालाई मात्रै लिनुभयो ?

सहभागीहरुलाई भन्नुहोस्–यी प्रश्नहरुको विषयमा सोच्दैगर्दा हामी अन्य बाइबलीय हिसाब पनि गर्दै जानेछौं ।

## # २ "विधुवा र उनको अन्तिम खाना" (१ राजा १७:७)

इस्रायलको इतिहासम त्यो समय निकै जटिल समय थियो । इस्रायल साढे तीन वर्षदेखि डरलाग्दो अनिकालको चपेटामा गुज्रिरहेको थियो । मानिसहरु मरिरहेका थिए । परमेश्वरको अगमवक्ता एलिया पनि दु:ख पाइरहेका थिए ।

तर परमेश्वरले एलियाको हेरचाह गर्न विधुवा स्त्रीलाई प्रयोग गर्नुभयो । एलिया शहर भएर जाँदैगर्दा उनले झिंझाहरु बटुल्दै गरेकी एक जना स्त्रीलाई देखे । परमेश्वरले एलियालाई त्यस स्त्रीकहाँ गएर "करुवामा भएको थोरै पानी पिउन" माग भन्नुभयो । त्यस स्त्रीले एलियालाई पानी दिन मञ्जुर गरिन् तर एलियाले विधुवा र उनका छोराले रोटी खानुअघि नै मलाई केही खाने कुरा दिनुहोस् भनेर मागे । त्यस स्त्रीले भनिन्,"परमेश्वर जीवित हुनुहुन्छ, म र मेरो छोराको निम्ति एक पटक पुग्ने खाना मात्रै छ । र, त्यसपछि त हामी निश्चय नै मर्नेछौं ।" यो सुनेर एलियाले उनलाई जबाफ दिए,"नडराऊ, परमेश्वरले जुटाउनुहुनेछ ।"

एलियाको कुरा सुनेपछि ती स्त्री बाँकी रहेको थोरै तेल र अलिकति पीठोबाट एलियाको निम्ति रोटी बनाउन जुटिन् । उनले एलियाको निम्ति रोटी बनाउन सबै तेल र पीठो प्रयोग गरे तापनि कहिल्यै पनि नचलाएजस्तै गरेर उनको तेलको गरियो टन्न र पीठोको भाँडो भरिएको पाइन् । विधुवाले एलियालाई भनिन्,"मसँग भएको सबै तपाईको निम्ति प्रयोग गरेको थिएँ तर अहिले त टन्न पो भएको छ । परमेश्वरलाई महिमा भएको होस् ।"

परमेश्वरले एलियाको निम्ति मात्रै होइन, विधुवा र उनका परिवारका निम्ति पनि त्यस दिनदेखि जुटाउनुभयो भनेर बाइबलमा उल्लेख भएको पाइन्छ तर परमेश्वरले विधुवा र उनका परिवारका निम्ति अरु साढे तीन वर्षसम्म प्रशस्त गरी खाने कुरा जुटाइदिनुभयो । कस्तो अचम्म †

परमेश्वरको राज्यको हिसाब †

यस कथालाई कसरी सूत्रमा बदल्न सक्छौं ?

खामहरु (ह्यान्डआउट ७.३) बाँड्नुहोस् र हरेक समूहलाई सूत्रको निम्ति कोसिस गर्न र सूत्र बनाउन लाउनुहोस् ।

निम्न साक्षरता खाममा निम्न शब्द वा सङ्केतहरु उल्लेख गर्नुहोस् :

- विधुवा
- केक
- ३ वर्षको निम्ति तीन जना व्यक्तिको खाना

**उत्तर :** " विधुवा + १ रोटी × परमेश्वर = १ रोटी × जना व्यक्तिहरु × ३६५ दिनहरु × ३ वर्ष = ३,२८५"

**छलफल गर्नुहोस् :**

- के विधुवा गरीब थिइन् ?
- के परमेश्वरले एलियालाई अर्कै किसिमले खुवाउन सक्नुहुन्थ्यो ?
- परमेश्वरले एलियालाई किन गरीब विधुवाकहाँ गएर खाना माग्न लाउनुभयो ?
- किन परमेश्वरले सानो केटालाई उसको एक मात्र खाना माग्नुभयो ?
- के परमेश्वरले गरीब र विधुवाहरुप्रति चासो राख्नुहुन्छ ?

## # ३ "विधुवा र उनका दुईवटा सिक्काहरु" (मर्कूस १२:४१)

एक दिन येशू भेटीको टोकरी नजीकै मन्दिरमा बसिरहनुभएको बेला धनी मानिसहरुले भेटी चढाउँदा आफूतिर मानिसहरुको ध्यान खिचिरहेको येशूले देख्नुभयो । एक जना गरीब स्त्रीसँग दुईवटा सा-साना सिक्काहरु मात्रै थिए । उनीसँग त्यति मात्रै भएकोले उनलाई लाज लागेको थियो र उनी अरुले त्यो भेटी हालेको नदेखोस् भन्ने चाहन्थिन् । त्यसकारण उनले सुटुक्क भेटी हालेकी थिइन् । येशूले आफ्ना चेलाहरुलाई जम्मा गरेर विधुवालाई देखाउँदै भन्नुभयो," यो स्त्रीले अरुहरुले भन्दा बढी भेटी चढाएकी छे ।"

**छलफल गर्नुहोस् :**

- येशूले के भन्न खोज्नुभएको थियो ? उनले कसरी अरुलेभन्दा बढी दिई त ?
- येशूले किन यसो भन्नुभएन "होइन, आमै, यो भेटी मन्दिरलाई भन्दा पनि तपाईंलाई बढी आवश्यक पर्दछ" ? उहाँले भन्न सक्नुहुन्थ्यो तर उहाँले त्यसो भन्नुभएन । किन त ?

उनलाई नरोकेर येशूले उनले गरेको त्यागलाई विशेष महत्त्व दिनुभयो । त्यस बेलादेखि उनले भेटी चढाएको कहानी पढ्ने उद्देश्यले धेरै लेखिदैआएको पाइन्छ । उनले अनुपातको आधारमा धेरै भेटी चढाएको सत्य हो भने सोझो अर्थमा पनि सत्य हो । २००० वर्षभन्दा बढी समयदेखि विधुवाद्वारा ख्रीष्टियनहरु अभिप्रेरित हुँदैआएका छन् । उनले दिएको उदाहरणको फलस्वरुप कति भेटी चढाइएको होला बिचार गर्नुहोस् । सबैभन्दा यो एकदमै बृहत्तर वृद्धि हो । उनले आफूसँग भएको सबै कुरा चढाइन् र त्यसले परमेश्वरले वृद्धि गर्नुभयो । यो नै परमेश्वरको राज्यको हिसाब ।

| कम साक्षरता |
|---|
| • विधुवा |
| • दुई सिक्काहरु |
| • प्रेरणाको २ हजार वर्ष |

खाम (ह्यान्डआउट ७.४) बाँड्नुहोस्

**उत्तर :** " विधुवा + २ सिक्का x येशू = प्रेरणाको २ हजार वर्ष"

**समूहलाई स्मरण गराउनुहोस् :**

- परमेश्वरले सानो ठिटोलाई उसको एकमात्र खाना माग्नुभयो...
- परमेश्वरले विधुवालाई आफ्नो अन्तिम खाना पहिले एलियालाई दिन भन्नुभयो...
- परमेश्वरले विधुवालाई आफूसँग भएको सबै दिन लाउनुभयो ...

**छलफल गर्नुहोस् :**

- के येशूले गरीबहरुले दिनुपर्दैन भन्नुभएको थियो ?

- के दिने व्यक्तिहरुले सँधै यही जीवनमा व्यक्तिगत आशिष देख्न पाउँछन् वा अनुभव गर्छन् ?
- येशूले आफ्नो छिमेकीलाई प्रेम गर भनेर दिनुभएको उहाँको आज्ञाप्रति आज्ञाकारी हुन हामीले के गर्नुपर्ला ? केही विशेष कुरा ? ( हामीसँग जे छ,त्यति मात्रै हामीलाई चाहिन्छ )
- कस्तो सोंचाइ ? ( विश्वास,आज्ञापालन र विनम्रताको प्रवृति)
- के परमेश्वरलाई दिइने कुनै कुरा "साह्रै सानो" वा "साह्रै तुच्छ" हुन्छ त ?
- के परमेश्वरले गरीबको दानमा आशिष दिनुहुन्छ ?
- जब परमेश्वरले गरीबहरुको दानमा आशिष दिनुहुन्छ, परमेश्वरको आशिष "योग" वा "गुणन" के हुन्छ ?

अन्तिम एउटा कथा । यो कथा चाहिँ त्यति सुखद छैन...

## # ४ "तोडाको उखान" (मत्ती २५:१४)

एक दिन धनाढ्य मानिस लामो यात्रामा गएको थियो । घर छोड्नुअघि उसले आफ्ना तीन जना नोकरहरुलाई बोलायो । पहिलो नोकरलाई उसले पाँच तोडा दियो र भन्यो, "म फर्केर नआन्जेल यसलाई लगानी गर् ।" दोस्रो नोकरलाई उसले दुई तोडा दियो र भन्यो, "म फर्केर नआन्जेल यसलाई लगानी गर् ।" र अन्तमा अन्तिम नोकरलाई एउटा सिक्का दिएर भन्यो, "म फर्केर नआन्जेल यसलाई लगानी गर् । "

धनाढ्य मानिस टाढा गयो अनि धेरै लामो समयपछि ऊ फर्क्यो । फेरि उसले आफ्ना तीनै जना नोकरहरुलाई बोलायो र आफ्नो अनुपस्थितिमा उनीहरुले के के गरेछन् भनेर सोध्यो । पहिलो नोकरले भन्यो– मैले पाँच सिक्का कमाएँ । त्यसको निम्ति मालिकले भन्यो,"स्यावास, थोरै कुरामा विश्वासयोग्य हुनेले धेरै पाउने छ ।" त्यसपछि दोस्रो नोकरले पनि मैले पनि दुई सिक्का कमाएको छु भन्यो । उसलाई पनि मालिकले भन्यो,"स्यावास, थोरै कुरामा विश्वासयोग्य हुनेले धेरै पाउने छ ।"

अन्तमा, तेस्रो नोकरले यसो भन्यो," मलाई थाहा छ, तपाई कडा व्यक्ति हुनुहुन्छ । तपाईंले दिनुभएको सिक्का हराउला भन्ने डरले जमीनमा लुकाएर राखेँ । यो यहीँ छ, हराएको छैन ।" मालिकले त्यसलाई भन्यो, "अल्छी र दुष्ट नोकर ।" मालिकले आफ्नो सिक्का लिएर पहिलो नोकरलाई दियो । मालिकले त्यस नोकरलाई त्यस राज्यबाट हटाइदियो ।

यो पनि परमेश्वरको राज्यको हिसाब नै हो । हेरौँ है त ...

अन्तिम खाम (ह्याण्डआउट ७.५) बाँड्नुहोस् ।

**उत्तर :** "नोकर + १ सिक्का × ० = ० वृद्धि + अन्धकारमा फ्यालिएको नोकर"

**छलफल गर्नुहोस् :**

- सबैभन्दा थोरै कसलाई दिइयो ? तर हेर्नुहोस् त के भयो ।
- के परमेश्वरले गरीबलाई वास्ता गर्नुहुन्न त ? त्यसो हो भने ऊ किन अन्धकारमा फ्यालियो त ?
- गरीबहरुले येशू ख्रीष्टको आज्ञा मानेन् भने उनीहरुले कस्तो परिणाम भोग्नुपर्ने रहेछ ?

## निष्कर्ष

निम्न प्रश्नहरु सम्बन्धी समूहलाई सोच्न लगाउनुहोस् । उपयुक्त भएसम्म उनीहरुलाई उत्तर खोज्न लाउनुहोस् ।

१. हाम्रा व्यक्तिगत जीवनमा यी सिद्धान्तहरु कसरी लागू गरिरहेका छौं ?

२. हाम्रा मण्डलीमा यी सिद्धान्तहरु कतिको अभ्यास गरिँदैछ ?

३. मेरो जीवन र मण्डलीमा यी सिद्धान्तहरु प्रयोगमा ल्याउन मैले के कस्ता परिवर्तनहरु ल्याउन सक्छु ?

# पाठ ८ : सहायता गर्ने तरिका थाहा पाउनु

**विशिष्ट उद्देश्यहरु**

- साँचो विकास भनेको मानिसहरुलाई आफ्नो निम्ति केही गर्न सहायता गर्नु सिकाउनु भनेर बुझ्नु
- कुनै व्यक्तिको निम्ति कहिल्यै केही गरिदिनु उपयुक्त हुन्छ भने कहिले चाहिँ उनीहरुलाई आफ्नो निम्ति केही गर्न सक्ने बनाउनु बेस हुन्छ भनेर बुझ्नु

## नदी तर्नु

नदीको किनार बनाउन भुँइमा चकले दुईवटा धर्काहरु तान्नुहोस् । बिछ्याउने ढुङ्गाहरु प्रतिनिधित्व गर्ने दुईवटा वृतहरु र टापु प्रतिनिधित्व गर्ने एउटा ठूलो वृत बनाउनुहोस् । दुई जना मानिसहरु नदीमा आउँछन् र उनीहरु नदी तर्न चाहन्छन् तर उनीहरु पौडी खेल्न जान्दैनन् । पानीको वेग तिव्र भएकोले उनीहरु नदी तर्न डराउँछन् । तेस्रो मानिस नदीको किनारमा आइपुग्छ र उसले उनीहरुको समस्या बुझ्दछ । तेस्रो मानिसले बिछ्याउने ढुङ्गाहरुमा चढेर नदी तर्न अनुरोध गर्दछ तर उनीहरु भयभित हुन्छन् । उसले एक जनालाई ढाडमा बोक्न सहमत हुन्छ तर ऊ पहिलो मान्छेलाई छोडेको टापुमा मात्र पुग्न सक्छ । त्यसपछि ऊ दोस्रो मानिसकहाँ जान फर्कन्छ तर बोक्न नसक्ने गरी थकित हुन्छ । तेस्रो मानिसले छोडिएको व्यक्तिलाई बोक्न अस्वीकार गर्दछ तर उसलाई बिछ्याउने ढुङ्गामा चढेर नदी तर्न भने सहायता गर्न सहमत हुन्छ । बीचमा पुगेपछि दोस्रो व्यक्तिले म आफै तर्न सक्छु भनेर आँट गर्दछ । दुवै जना नदी तर्छन् र अर्को व्यक्ति चाहिँ टापुमै छोडिन्छ । पहिलो मानिस जानै लाग्दा ऊ सहयोगको निम्ति चिच्याउँछ ।

**सामूहिक रुपमा छलफल गर्नुहोस् :**

१. यस नाटकमा के के भएको देख्नुभयो ?

२. दुई जना मानिसहरुलाई नदी तर्न छुट्टाछुट्टै के के तरिकाहरु अप्नाइयो ?

- एक जना व्यक्तिलाई बोकियो भने अर्कोलाई चाहिँ नदी तर्न सिकाइयो ।

यस कथाले अरुहरुलाई सहयोग गर्ने तरिका बुझ्न हामीलाई सहायता गर्दछ भनेर बताइदिनुहोस् । नदीको पहिलो किनारले गरीब समुदाय वा व्यक्तिको प्रतिनिधित्व गर्दछ भने अर्को किनारले विकसित व्यक्ति वा समुदायको प्रतिनिधित्व गर्दछ । नदी तर्न चाहने मानिसहरुले सहयोगको जरुरत परेका गरीबहरुको प्रतिनिधित्व गर्दछ भने तेस्रो व्यक्तिले सहयोग गर्न चाहने हाम्रो प्रतिनिधित्व गर्दछ ।

१. पहिलो मानिसलाई के भयो ? ऊ नदी तर्न लागेको समयभन्दा पछि उसको अवस्था राम्रो भयो कि झन नाजुक भयो ?
   - ऊ नदीको बीच भागमा अलपत्र भएर रहनुपर्‍यो ।
   - अहिले उसको अवस्था झन नाजुक भयो किनभने उसँग टापुमा पुग्ने आँट रहेनछ ।

२. कुन चाहिँ व्यक्तिले राम्ररी सिक्यो ? हेर्ने मान्छेले कि गरेर सिक्ने मानिसले ?
   - गरेर सिक्ने मानिसले व्यावहारिक रुपमा सिक्यो । सिक्नको निम्ति मानिसहरुलाई उदाहरण र हौसला चाहिन्छ ।

३. हामीले कुनै व्यक्तिलाई आफ्नो काम आफैं गर्न लाउनुभन्दा पनि उसलाई हामीले केही गरिदियौं भने के हुन्छ ?

- उनीहरुले कहिल्यै पनि आफ्नो काम गर्न सक्तैनन् र उनीहरुलाई जहिले पनि हाम्रो आवश्यकता परिरहन्छ ।

४. हामीले सहयोग गर्न खोजिरहेको व्यक्तिमा आत्मनिर्भरताको अनुभूति विकास गर्न हामीले के गर्नुपर्छ ?

- मानिसहरुलाई यसरी काम गर्नुपर्छ भनेर सिकाउनु पर्दछ ।
- मानिसहरु आफ्नो चालमा हिँड्न सक्षम नहुन्जेल उनीहरुको चालमा हिँड्न हामी तत्पर हुनुपर्दछ ।

दोस्रो अभिनय गर्नुहोस्, जहाँ नदी तर्न सहयोग गरिएको मानिस टापुमा छोडिएको मानिसकहाँ फर्केर जान्छ । र, उसले त्यस व्यक्तिलाई यसरी तर्ने भनेर सिकाउँदछ अनि त्यस व्यक्तिले पनि अरुहरुलाई सिकाउँदछ ।

- दोस्रो नाटकमा हामी के देख्छौं ?
- यदि हामीले मानिसहरुलाई सिकाउँछौं भने उनीहरुले अरुहरुलाई पनि सिकाउन सक्छन् । अन्तत, धेरै मानिसहरुले सहयोग पाउने छन् ।

## श्रीमती ली र उनको रुपान्तरणका वास्तविक कहानीहरु

"यदि तपाईले मानिसलाई माछा दिनुहुन्छ भने उसलाई तपाईले दिनदिनै माछा मारेर खुवाउनु पर्ने हुन्छ । यदि तपाईले मान्छेलाई माछा मार्न सिकाउनुहुन्छ भने उसलाई तपाईले जीवनभरि आफैं माछा मारेर खाने तुल्याउनुहुन्छ ।"



- यस भनाइको आशय के हो ?
- हाम्रो समुदायमा भएका मानिसहरुलाई सहयोग गर्नमा यो कुरा कसरी व्यवहारमा लागू गर्न सकिन्छ ?
- मानिसहरुलाई माछा मारेर खुवाउनु भन्दा पनि "मानिसलाई माछा मार्न सिकाउन" हामीले के के तरिकाहरु अप्नाउन सक्छौं ? केही उदाहरणहरु प्रस्तुत गर्नुहोस् ।

### कथा पढ्नुहोस्

श्रीमती ली वास्तविक स्त्री हुन् तर उनको नाम भने परिवर्तन गरिएको छ । उनलाई आफ्नो समुदायमा भएका बेरोजगार गरीब परिवारहरुलाई सहयोग गर्ने इच्छा छ । ती मानिसहरुलाई जीविका उपार्जन गर्न कसरी सहयोग पुऱ्याउन सकिएला भनेर उपायहरु खोज्दै हरेक महिना गरीबहरुका घर-घरमा जान शुरु गरेकी छिन् । यी कहानीहरु चाहिँ वास्तविक कहानी हुन् ।

### कथा १ – श्रीमती ली र पुष्प-बाटिका

उनको क्षेत्रमा दुई जना नानी भएका गरीब परिवार बस्दथे । आमा र बाबु दुवै जना बेरोजगार थिए । श्रीमती ली उनीहरुकहाँ पस्न रोकिन् र ती परिवारको घरअगाडि जग्गाको सानो टुक्रो भएको थाहा पाइन् । उनले सोधिन्,"किन फूल नरोप्नुभएको नि ? तपाईले आफ्नो घरलाई सुन्दर बनाउन सक्नुहुन्छ साथै नजीकको बजारमा लगेर फूल बेच्न पनि सक्नुहुन्छ । "

आमाले चाहिँ श्रीमती लीले भनेजस्तै गरिन् र उनले आफूले रोपेको फूल बजारमा लगेर बेच्न थालिन् । उनले ग्राहकहरुले अरु किसिमका फूलहरु पनि माग गरेको केही समय नबित्दै चाल पाइन् । तर उनीसँग भने जग्गाको सानो टुक्रा मात्र थियो । ती आमाले आफूले उत्पादन गरेका फूलहरुका साथै अरुहरुले उत्पादन गरेका फूलहरु किनेर बेच्न थालिन् । अब, उनले आफ्नो फूलहरु बेच्न बजारमा सानो ठाउँ पाइसकेकी थिइन् । उनले मनमनै सोचिन्,"म अन्य कुराहरु पनि बेच्न सक्छु ।" उनी आफ्नो फूलहरुसँगै केरा र नरिवल बेच्नको निम्ति हरेक बिहान सबेरै केरा र नरिवल किन्न उठ्छिन् ।

### कथा २ – श्रीमती ली र सखरखण्ड

सहयोग चाहिएको अर्को परिवार पनि काम गर्न चाहन्थे तर के गर्ने भनेर अन्योलपूर्ण थिए र उनीहरुसँग त्यस्तो खास सीप पनि थिएन । उनीहरु ज्यालादारीमा दिनहुँ काम गर्दथे तर सँधै काम मिल्दैन थियो । श्रीमती लीले यो परिवार परिश्रमी छन् र यिनीहरु साँच्चै काम गर्न चाहन्छन् भनेर चाल पाइन् । त्यसैले उनी मण्डलीका अर्को परिवारकहाँ गइन्, जोहरु चाहिँ सखरखण्ड उत्पादन गर्ने किसानहरु थिए । उनले सखरखण्ड खेती नाफामूलक छ कि छैन, त्यसको बजार के कसो छ, र यो खेती गर्न के के गर्नुपर्छ भनेर भनेर सोधिन् । उनले यो खेती राम्रो रहेछ भनेर जब थाहा पाइन्, उनले परमेश्वरले हामीलाई आफ्नो छिमेकी प्रेम गर्न र गरीबलाई हेरचाह गर्न भनेर बोलाहट दिनुभएकोले त्यस परिवारलाई सखरखण्ड खेतीको बारेमा वर्णन गरिन् । उनले ती परिवारलाई के तपाईंहरु सखरखण्ड खेती गर्ने बारे अरु गरीब परिवारहरुलाई सिकाउन इच्छुक हुनुहुन्छ कि भनेर सोधिन् । उनीहरु मञ्जुर भए । श्रीमती लीले दुई परिवारहरु चिनाइ दिइन् । गरीब परिवार साह्रै खुसी भए । उनीहरुले हामी अब केही गर्न सक्छौं भनेर खुसी भए अनि गएर जग्गाको सानो टुक्रा भाडामा लिए र खेती गर्न चाहिने सबै कुरा लिए । वर्षको अन्तमा उनीहरुले राम्रो आम्दानी गरे अनि जग्गाको भाडा तिर्न, बीऊ किन्न र परिवारको निम्ति राम्रो नाफा आर्जन गर्न पनि सफल भए ।

### कथा ३ – श्रीमती ली र पारिवारिक मिलाप

श्रीमती लीले सहयोग गर्न चाहेको तेस्रो परिवारचाहिँ आफ्ना अभिभावकदेखि अलग भएका परिवार थिए । उनीहरुका अभिभावकले यो परिवार बेकार र केही कुरामा पनि काम नलाग्ने परिवार सोच्दथे । श्रीमती लीले त्यस परिवारसँग भेटघाट गरेर दुवै पक्षलाई मिलाउने कोसिस गरिन् । श्रीमती लीले यदि अभिभावकले त्यस परिवारलाई स्वीकार गर्न र उनीहरुलाई थोरै भए पनि सहयोग गर्न तत्पर भएमा त्यस परिवारलाई निरन्तर भेटिरहन र उनीहरुका जीवनमा परिवर्तन ल्याउन सहयोग गर्नेछु भनेर अठोट गरिन् । परिणाम स्वरुप, अभिभावकले आफ्ना छोरालाई विश्वास गरेर केही ऋण उपलब्ध गरिदिने निर्णय पनि गरे । उसले सानो कवाडी सामानको व्यापार शुरु गऱ्यो । उसले फलामका पुराना, थोत्रा कवाडी सामानहरु किनेर रिसाइकल गर्ने पसलमा बेच्न थाल्यो । अहिले ऊ आफ्नो परिवारलाई पाल्न सक्ने भएको छ । उसले आफूलाई आत्म-सम्मानको बोध गर्दछ ।

### सा-साना समूहमा

यी कथाहरुमा केही समय घोत्लिनुहोस् अनि निम्न प्रश्नहरु बारे छलफल गर्नुहोस् :

- श्रीमती लीले उल्लेखित प्रत्येक परिवारको निम्ति के गरिन् त ?
    - सल्लाह र हौसला दिइन् ।
    - अन्य मानिसहरुकहाँ गइन्, जस्तै–सखरखण्ड खेती गर्ने परिवारकहाँ गएर यो खेती नाफामुलक छ र के तपाईंहरु सहयोग गर्न तत्पर हुनुहुन्छ भनेर सोधिन् ।



- श्रीमती लीले खेलेको अग्रणी भूमिकाको प्रतिफल के भयो ?
    - मानिसहरुले काम पाए र आफ्ना परिवार पाल्न सक्ने भए ।
    - मानिसहरुमा आफ्ना खुट्टामा उभिन सक्ने भएकाले उनीहरुले आत्म-गौरव अनुभूति गरे ।
- ती मानिसहरुलाई श्रीमती लीले पैसा वा खाने कुरा मात्रै दिएको भए के हुन्थ्यो होला ?
    - ती परिवारको जीवनमा परिवर्तन आउँदैनथ्यो ।
- यदि श्रीमती लीले ती परिवारहरुलाई हरेक हप्ता दुई वर्षसम्म पैसा दिई रहेर त्यसपछि पैसा दिन रोकेको भए, तपाईंको बिचारमा आज उनीहरुले जसरी प्रगति गरेका छन् के उनीहरुको जीवनमा यसरी प्रगति हुन्थ्यो होला त ?
    - हुँदैन थियो । उनीहरु पैसा लिने बानी पर्दथे र काम गर्नुको साटो त्यही पैसामा भर परेर बस्थे ।
- पैसा दिनु र श्रीमती लीले गरेको सहयोग बीच भिन्नता के छ त ?
    - उनले मानिसहरुलाई स्वावलम्बी हुन सीप र व्यावहारिक तरिका सिकाइन् ।
- हामीले पनि श्रीमती लीले जस्तै परिवारहरु भेट्ने, उनीहरुका कुरा सुन्ने, उनीहरुका समस्या पत्ता लाउने र बुझिदिन कोसिस गरिदिने अनि समाधान खोजिदिने गरेमा के हुन्थ्यो होला, कल्पना गर्नुहोस् । तपाईंको समुदायमा त्यसको प्रभाव कस्तो हुन्थ्यो होला ?

## घटना-अध्ययन

कक्षालाई समूह-समूहमा विभाजन गर्नुहोस् । तल दिइएको घटना-अध्ययन हेर्नुहोस् अनि सहभागीहरुलाई निम्न प्रश्नहरुको जबाफ दिन लाउनुहोस् । सहभागीहरुले आशारहित अवस्थाको समस्या र त्यस समस्या पार लाउने उत्तम उपाय भनेको मानिसहरुलाई रुपैयाँ-पैसा वा भौतिक कुरा दिनु होइन तर उनीहरुलाई स्वावलम्बी बनाउनु हो भनेर बुझेको हुनुपर्छ ।

तपाईंको मण्डली छेवैमा एक परिवार बस्छन् । श्रीमान प्रायः बाहिर गइरहन्छ । ऊ महिनामा एक-दुई पटक केही समयको निम्ति घरमा आउँछ र थोरै पैसा परिवारलाई दिन्छ । श्रीमतीले चाहिँ तीन जना छोराछोरीहरुको हेरचाह गर्छिन् । कोही पनि छोराछोरी स्कुल जाँदैनन् । प्रायःजसो ती केटाकेटी खाली खुट्टा यताउता दौडिरहेका र थोत्रा कपडाहरु लाइरहेका हुन्छन् । उनीहरुको घर भत्सिकेको एकदमै पुरानो र वर्षामा बेस्सरी पानी चुहुने भइसकेको छ । मानिलिनुहोस् –तपाईं कुनै बखत त्यस घरको छेउबाट भएर जाँदैहुनुहन्छ र भोकले गर्दा बालबालिका रोइरहेको सुन्नुभयो ।

### सा-सानो समूहमा छलफल गर्नुहोस्

त्यस परिवारमा आवश्यकताहरु के के छन् ?



अरुभन्दा पनि सायद श्रीमतीचाहिँ निराश छिन् । हामीले सोंचेजस्तै काम नगरिरहेका मानिसहरु अल्छी नै हुन्छन् भन्ने हुँदैन । प्रायः उनीहरु जिन्दादीका बोझले थिचिएका हुन्छन् । उनीहरु अब केही गर्न नसकिने रहेछ भनेर पिरोलिएका हुन्छन् । तपाईंको सबैभन्दा महत्त्वपूर्ण काम भनेको आफैंमा परिवर्तन ल्याउन थालेपछि परिस्थिति परिवर्तन हुन सक्छ भनेर मानिसहरुलाई

बुझ्न सहयोग पुऱ्याउनु हो । एक बोरा चामल सहयोग गर्नु ठीक हो तर तपाईंले एक पटकभन्दा बढी त्यसरी नै सहयोग गरिरहनु भयो भने तपाईंले उनीहरुलाई हामी त केही होइनौं रहेछ भन्ने उनीहरुमा भ्रमात्मक विश्वास उत्पन्न गरिरहनुभएको हुन्छ । जीवन परिवर्तन हुन सक्छ भन्ने आत्म-बल नै उनीहरुलाई चाहिएको कुरा हो ।

**सा-सानो समूहमा छलफल गर्नुहोस् :**

श्रीमती लीलेजस्तै यस परिवारलाई सहयोग पुऱ्याउन तपाईंले एउटा काम के गर्न सक्नुहुन्छ ?

*सम्भावित उत्तरहरु*

श्रीमती र बालबालिकालाई केही पैसा आर्जन गर्न सहयोग गर्नुहोस् । के उनीहरुसँग अलिकति जग्गा वा कुनै सीपहरु छन् त ?

- सा-साना बालबालिकालाई विद्यालय जान सहयोग गर्नुहोस् । बालबालिकाका आमालाई चाहिँ सरकारी विद्यालयको प्रमुखकहाँ कुराकानी गर्न लैजाउनुहोस् अनि बालबालिकाले निःशुल्क पढ्न पाउँछन् वा तपाईंको क्षेत्रमा कुनै साक्षरता कार्यक्रम सञ्चालन भइरहेको छ कि भनेर बुझ्नुहोस् । कस्तो किसिमको सहयोग उपलब्ध हुन सक्छ पत्ता लाउनुहोस् ।
- मण्डलीमा पुरानो कपडा बटुल्नुहोस् र हरेक बालबालिकालाई आवश्यक परेका कपडाहरु उपलब्ध गरिदिन प्रयास गर्नुहोस् ।
- नियमित रुपमा बालबालिकाका आमाकहाँ जानुहोस् अनि जिन्दगीमा परिवर्तन आउन सक्छ भनेर बुझ्न उनलाई उत्साह दिनुहोस् ।
- परिवारलाई पुनर्निर्माण गर्न सहयोग गर्नुहोस् । मण्डलीका केही व्यक्तिहरुलाई आएर घर बनाउने काममा सहयोग गरिदिनुहोस् भनेर अनुरोध गर्नुहोस् तर त्यस परिवारसँग भएकै सामाग्रीहरु र बालबालिकाको श्रम उपयोग गर्नुहोस् ।
- आठ वर्षको बालबालिकामा प्रयाप्त बल हुन्छ ।
- परिवारलाई तरकारी उत्पादन गर्न सानो केरसाबारी शुरु गर्न उत्साह दिनुहोस् जसले गर्दा उनीहरुले राम्रो भोजन प्राप्त गर्न सकून् ।
- त्यस परिवारलाई केही चल्लाहरु दिनुहोस् अनि मण्डलीको कोही व्यक्तिलाई कुखुरा पाल्ने बारेमा सिकाउन सहयोग गरिदिन अनुरोध गर्नुहोस् । आवश्यक परेमा कुखुरा तपाईंको घरमा नै राखिदिन सक्नुहुन्छ जसले गर्दा ती परिवारले काटेर नखाऊन् तर उनीहरुका कुनै केटाकेटीलाई हरेक दिन आएर अण्डा बटुल्न र कुखुराको हेरचाह गर्न बोलाउनुहोस् । उनीहरुलाई तपाईंले कुखुरा हेरचाह गर्ने तरिका सिकाएको हुनुपर्दछ ।
- श्रीमान तथा श्रीमतीका परिवारलाई सम्पर्क गर्नुहोस् । के उनीहरुले सहयोग गर्न सक्लान् त ?
- श्रीमानले कमाएर ल्याएको पैसा सदुपयोग गर्ने बारेमा उत्तम योजना बनाउन सहयोग गर्नुहोस । के उनीहरुले त्यस पैसालाई भविष्यमा अझै पैसा आर्जन गर्ने कुनै थोकमा लगानी गर्न सक्छन् ? उनीहरुले कसरी सँधैभरि आम्दानी दिगो बनाउन सक्छन् ?

## प्रयोग

दुई-दुई जना मिलेर श्रीमती लीले जस्तै कुनै एउटा परिवारलाई सहयोग गर्न सकौं भनेर त्यो परिवार देखाई दिन परमेश्वरसँग प्रार्थना गर्नुहोस् । यदि तपाईंले राम्ररी नचिनेको परिवार हो भने उनीहरुलाई भेटघाट गर्न सुरुआत गर्न योजना बनाउनुहोस् । तपाईं उनीहरुकहाँ जानुअघि ती परिवारहरुका वास्तविक समस्या थाहा पाउन मेरा

आँखा र कान खोलिदिनुहोस् अनि उनीहरुलाई सल्लाह दिनमा सहयोग मलाई सहयोग गर्नुहोस् भनेर परमेश्वरसँग प्रार्थना गर्नुहोस् । ती परिवारहरुलाई सहायता गर्ने र उनीहरुका काम सुरुआत हुँदाका बखतमा प्रार्थना गर्न नभुल्नुहोस् । महिनामा एक पटक उनीहरुकहाँ भेटघाट गर्न र वर्षमा एक पटक सल्लाह दिन जान इच्छुक हुनुहोस् ।

# पाठ ९ : प्रेमको कार्य

**विशिष्ट उद्देश्य**

- प्रेमको कार्यका विशेषताहरु बुझ्नु
- प्रेमको कार्यले समुदायमा कसरी परिवर्तन ल्याउँदोरहेछ भनेर बुझ्नु
- प्रेमको कार्यको रुपमा के के गर्न सकिन्छ भन्ने सो बारे केही ज्ञान पाउनु

## परिचय

समूहलाई जोडी-जोडीमा विभाजन हुन लाउनुहोस् । पैसा खर्च नगरिकन मानिसहरुलाई मण्डलीले कसरी सहयोग गर्न सक्छ सो बारेमा धेरैभन्दा धेरै बिचारहरु प्रस्तुत गर्नुपर्ने हुन्छ । उनीहरुलाई तपाईंहरुको निम्ति सात मिनेट मात्र समय हुनेछ र सबै उत्तर दिने जोडीले पुरस्कार पाउनुहुनेछ भनेर बताउनुहोस् । तीन मिनेटपछि उनीहरुलाई मण्डलीमा भएका व्यक्तिहरुका के के सीपहरु छन् सो बारे बिचार गर्न स्मरण गर्नुहोस् ।

## प्रेमको कार्य

प्रेमका कार्यहरु भनेका मण्डलीले आफ्नो समुदायलाई परमेश्वरको प्रेम प्रकट गर्न गरेका सा-साना प्रोजेक्टहरु हुन् । प्रायः गरेर यस्ता प्रोजेक्टहरु धेरै साधरण खालका हुन्छन् भने र एकै दिनमा गर्न सकिन्छ । प्रेमका कार्यका केही कथाहरु बताउनुहोस्–केही कथाहरु त हाम्रो वेबसाइटमा पनि पाउन सकिन्छ । www.TCTprogram.org/stories

यी प्रोजेक्टहरुका केही नतिजाहरु के के थिए ?

- मण्डली मजबुत भयो ।
- समुदाय मण्डलीसँग घनिष्ट भयो ।
- मानिसहरु ख्रीष्टमा आए ।
- मानिसहरुले सहयोग पाए ।
- प्रेमको कार्यचाहिँ ठूलो प्राजेक्ट बन्न सक्यो ।

## प्रेमको कार्यको विशेषता

**१. परमेश्वरको प्रेम प्रकट गर्न गरिएको**

**सामूहिक रुपमा छलफल गर्नुहोस्**

- तपाईंका समुदायमा इसाईहरु बारे गैर-इसाईहरुको धारणा कस्तो छ ? किन ?
- के मानिसहरु नबोलाइकन मण्डलीमा आउँछन् त ? किन ? र किन आउँदैनन् ?
- गैर-इसाईहरुको परमेश्वर बारे धारणा कस्तो छ त ? गैर-इसाईहरुले परमेश्वरको मुख्य विशेषता के के हुन् भन्ने सोच्लान् ?

सहभागीहरुलाई पाठ ३ मा सिकेका “**परमेश्वर र आफ्ना छिमेकीलाई प्रेम गर**” शिक्षाहरु स्मरण गराउनुहोस् ।

- प्रेमको कार्यमा उल्लेख भएका कुराहरु तपाईंको मण्डलीले गर्न शुरु गरेमा तपाईंका समुदायका मानिसहरुले के भन्लान् जस्तो तपाईंलाई लाग्छ ?

प्रेमको कार्यको एउटा प्रमुख लक्ष्य भनेको आफ्नो समुदायलाई परमेश्वरको प्रेम प्रकट गर्नु हो ।

- प्रेमको कार्य खीष्टियनहरुका निम्ति वा गैर-खीष्टियनहरुका निम्ति गर्नुपर्छ ?

हामीले प्रेमको कार्य गैर-खीष्टियनहरुको निम्ति गर्नुपर्छ किनभने उनीहरुलाई परमेश्वरको प्रेम प्रकट गरिनु आवश्यक हुन्छ । अधिकांश मानिसहरु मण्डली कहिल्यै नगएका हुन सक्छन् । त्यसकारण हामी उनीहरुकहाँ अधिकांश मानिसहरु मण्डली कहिल्यै नगएका हुन सक्छन् । त्यसकारण हामी उनीहरुकहाँ गएर परमेश्वरको प्रेम प्रकट गर्छौं भने उनीहरुले परमेश्वरको प्रेम बुझ्न सक्षम हुन्छ । यद्यपि, मण्डलीका विश्वासीहरुका निम्ति पनि सहयोग गर्न तत्पर हुनुपर्दछ । हामी तपाईंलाई गैर-इसाईहरु वा सम्पूर्ण समुदायलाई परमेश्वरको प्रेम गर्ने कुराबाट शुरु गर्नुहोस भनी अनुरोध गर्दछौं तर विश्वासीहरुलाई पनि सहयोग पुग्ने प्रोजेक्टहरु सञ्चालन गर्न नछोड्नुहोस् ।

## २. परमेश्वरको आज्ञामा गरिएको

अन्य कुरामा जस्तै हामी परमेश्वरको आज्ञापालन गरिररहेका छौं भन्ने कुरामा निश्चित हुनुपर्दछ । समुदायका समस्याहरु बुझ्न सामुदायिक सर्वेक्षण गरेर त्यसअनुसार चल्नुको साटो परमेश्वरसँग प्रार्थना गरेर र उहाँको अगुवाइ खोजेर सेवाको काम शुरु गर्नुहोस् भन्ने चाहन्छौं ।

मेक्सिकोमा एउटा गाउँ थियो । त्यहाँ सबै मानिसहरु ड्रग्स उत्पादन गर्नेहरु थिए । त्यस क्षेत्रमा एक जना मिशनरी गए । त्यहाँका सबै मानिसहरुले प्रभु येशूलाई विश्वास गरे । त्यस समयदेखि मिशनरीले उनीहरुसँग निरन्तर प्रार्थना र उपवास बसे र परमेश्वरले हाम्रो जीवनबाट गरेको चाहनुहुन्छ भनेर परमेश्वरको अगुवाइ खोजे । उनीहरुका आफ्नो समुदायमा चर्पी थिएन, सफा पिउने पानी थिएन । त्यहाँ घर भित्र र बाहिर कुखुरा र सुङ्गुरहरु हिँड्डुल गर्दथे । जब उनीहरुले प्रेम प्रर्दशन कार्यको सोंच विषयमा प्रार्थना गरे, परमेश्वरले उनीहरुलाई विधुवाहरुका निम्ति घर बनाएर वास्ता देखाओ भनेर अगुवाइ गर्नुभयो । यस्तो खालको अवधारणा अरु कुनै व्यक्तिले प्रस्तुत नगरेको अवधारणा थियो । उनीहरुको सँस्कृतिमा अगुवाहरु एकदमै महत्त्वपूर्ण मानिन्छन् तर उनीहरुको पनि घरको गुणस्तर एकदमै खस्केको थियो । समुदायमा भएका अगुवाहरुका निम्ति पनि नयाँ घर बनाउन शुरु गर्नुपर्छ भनेर समुदायको कसैले सल्लाह दिन सक्थ्यो । परमेश्वरले विधुवाहरुलाई वास्ता गर भनेर अह्राउनुभयो । उनीहरु परमेश्वरप्रति आज्ञाकारी भएकाले विधुवाहरुका निम्ति नयाँ घर बनाए । फलस्वरुप, नजिकका गाउँलेहरुले अचम्मको प्रोजेक्टको विषयमा सुने अनि के रहेछ भनेर बुझ्न आए । परिणाम स्वरुप, त्यस क्षेत्रमा जागृति आएकोले त्यहाँका धेरै मानिसहरुले प्रभु येशूलाई विश्वास गरे । यदि उनीहरुले आफूले सोचेजस्तो काम गरेको भए त्यस्तो किसिमको जागृति देख्न पाउने थिएनन् । यद्यपि, उनीहरु आफ्ना परम्पराप्रति भन्दा पनि परमेश्वरप्रति आज्ञाकारी भएकाले त्यहाँ भयङ्कर प्रभाव पऱ्यो ।

अर्को देशमा मण्डलीले प्रेमको कार्य गर्ने निर्णय गरे । उनीहरुले आफूलाई परमेश्वरले त्यस इलाकाका दादाको श्रीमतीलाई सहयोग गर भन्नुभएको आभास पाए । उनीहरु डराएका थिए किनभने दादा त्यतिकै रिसाउने सानो निहुँमै मानिसहरुलाई मरुन्जेल कुट्छ भनेर कुख्यात थियो । यद्यपि, मण्डलीले परमेश्वरको आज्ञा मान्न चाहन्थे । उनीहरु ती दादाले शहर छोडेर नजाउन्जेल पर्खेर बसे अनि त्यसपछि उसको श्रीमतीलाई अन्न भित्र्याउन र बेच्नको निम्ति अन्न तयार पार्न सघाए । जब दादा घरमा आयो, उसले सबै अन्नहरु घरमा भित्र्याइएको पायो र "कसले गरेको ?" भनेर जोड-जोडले करायो । श्रीमतीलाई चाहिँ श्रीमानलाई भन्न डराइन् । श्रीमानले समस्या ल्याउला भन्ने डर लागे पनि अन्तमा मण्डलीले सघाएको हो भनेर बताइन् । दादा मण्डलीतिर दौडेर गएर मण्डलीको ढोकामा ढङ्ढङ पाऱ्यो । पाष्टरले (डिकनहरुलाई बोलाएपछि) ढोका खोलपछि दादा मण्डलीभित्र छिऱ्यो । उसले सोध्यो, "किन तपाईंले त्यसो गर्नुभएको ?" पाष्टर र डिकनहरुले परमेश्वरको प्रेम प्रकट गर्नु मात्र हामीले

त्यसो गरेका हौँ भनेर जबाफ दिए। त्यो मानिसले मैले जीवनमा यस्तो प्रेम कहिल्यै अनुभव गरेको थिइनँ भनेर बताउँदै रुन थाल्यो। ऊ विश्वासी भयो, उसको जीवन परिवर्तन भयो र उसले आफूजस्तै दादाहरुका छ ६ परिवारलाई प्रभु येशूमा डोऱ्यायो।

- मण्डलीले परमेश्वरको प्रेम कसलाई प्रदर्शन गर्ने भनेर कसरी निर्णय गर्दथे ?
- समुदायमा त्यसको प्रभाव वा परिवर्तन कस्तो रह्यो ?

## ३. परमेश्वरको सामर्थ्यद्वारा गरिएको

१ यूहन्ना १५:१-८

- हामी आफ्नै सामर्थ्यले कति काम गर्न सकौँला ?
- हामी कसरी फल फलाउन सक्छौं ?

मानिसहरुलाई सहयोग गर्नु वास्तवमै कठिन हुन सक्छ। परमेश्वरले मात्र हामीले हाम्रा समुदायमा देख्न चाहेको परिवर्तन ल्याउन सक्नुहुन्छ। यदि हामीले यस्ता प्रोजेक्टहरुद्वारा समुदायमा परिवर्तन आएको देख्न चाहन्छौं भने हामीले साँचो रुपमा परमेश्वरतिर नजर उठाएर सहायताको निम्ति प्रार्थना गर्नुपर्दछ।

- १ यूहन्ना १५:५ यस्तो लेखिएको छ,*"यदि कोही मानिस ममा रहन्छ भने म उसमा म रहनेछु अनि उसले धेरै फल फलाउनेछु।"* तपाईंको बिचारमा परमेश्वरमा *रहनु* भनेको के हो ?

परमेश्वरको सत्यता खोजी गर्न बाइबल पढ्नुपर्दछ। तपाईंको समुदायका आवश्यकताहरु बभ्र्न परमेश्वरबाट निर्देशन र अगुवाइको निम्ति प्रार्थना गर्नुपर्दछ। विश्वासयोग्य भएर प्रार्थनामा परमेश्वरको अगुवाइ खोज्दै उहाँले दिनुहुने ज्ञान चुपचाप सुन्नुहोस्। परमेश्वरलाई प्रेमको कार्य प्रोजेक्ट कार्यान्वयन गर्न मलाई शक्ति दिनुहोस् प्रभु भनेर प्रार्थना गर्नुहोस्।

जब हामी प्रार्थनामा परमेश्वरलाई खोजी गरेर उहाँका कुरा सुन्छौं, त्यही नै उहाँमा रहनु हो। परमेश्वरको समयमा हाम्रो प्रोजेक्टले असल फलाउनेछ भनेर परमेश्वरमा भरोसा राख्नुहोस्।

- यस्ता प्रोजेक्टहरुको समयावधिमा परमेश्वरको शक्तिमा हामी कसरी भरोसा गर्न सक्छौं ?

हामीले प्रोजेक्ट सञ्चालन गर्नुअघि, सञ्चालन गर्दा वा सञ्चालन भइसकेपछि पनि प्रार्थना गरिरहनु पर्दछ।

## ४. परमेश्वरको प्रशंसा हुने भएकोले गरेको

यूहन्ना १५:८

- धेरै फल फलाउनुको उद्देश्य के हो ?

मत्ती ५ : १३-१६

- हामी किन असल कार्य गर्दछौं ?
- प्रेमको कार्य लागू गर्दा हामीले के लक्ष्य राखेको हुनुपर्दछ ?

प्रत्येक प्रोजेक्ट गरिसकेपछि हामीले मूल्याङ्कन गर्नुपर्दछ। प्रोजेक्टको प्रतिफल के भयो त ? तीन वटा क्षेत्रहरु बारे बिचार गर्नुहोस् :

१. के मानिसहरुले सहयोग पाए त ?

२. के प्रोजेक्ट प्रेममय किसिमले थियो ?

३. के परमेश्वरको प्रशंसा भयो ?

हामीले गर्ने प्रेमको कार्यमा सँधै परमेश्वरको बारेमा बताउने मौकाउन पाँइदैन तर हामीले सँधै परमेश्वरको महिमा गर्नुपर्दछ र उहाँलाई आदर हुने किसिमले काम गरेको हुनुपर्दछ भन्ने इच्छा हामीमा हुनुपर्दछ ।

### ५. सानो र सरल

जब तपाईंले पहिलो पटक प्रेमको कार्य शुरु गर्नुहुन्छ, हामी तपाईंलाई सामान्य सरल किसिमको कार्य गर्नुहोस् भनेर हौसला दिन्छौं । खार्स गरी, एक दिनमा सिधिने किसिमको कार्य गर्नुपर्दछ ।

- तपाईंको बिचारमा किन सानो र सरल प्रेमको कार्य हुनु महत्त्वपूर्ण हुन्छ ?
  - **पूरा गर्न सकिने –**यदि हामीले ठूलो किसिमको प्रोजेक्ट गर्‍यौं भने हामी सजिलै

    अलमलिन्छौं र हामीालई उद्देश्य हासिल गर्नु कठीन हुन्छ । यद्यपि, हामी सानो र सरल प्रोजेक्ट गर्छौं भने चाँडै उद्देश्य हासिल गर्न सक्छौं र समय मै काम सिधिन्छ ।
  - **धेरै मानिसहरु सहभागी हुन सक्छन्–** सा-साना प्रोजेक्टका निम्ति मानिसहरुलाई सहमति जनाउन सजिलो हुन्छ र यदि उनीहरुले यो प्रोजेक्ट एक दिनको वा दिउँसोभरिको मात्र हो भन्ने थाहा पाएमा त्यसमा लाग्न सक्छन् । उनीहरुले यसो भन्छन्,"हुन्छ, म यो गर्न सक्छु । मलाई यो दिउँसो फुर्सद छ ।" तर यदि प्रोजेक्ट ठूलो भयो भने मानिसहरु आफ्नो समय तथा श्रोत लगानी गर्न हिच्किचाउँछन्, विशेषगरी आफूलाई नयाँ लागेको कार्यप्रति ।
  - **सीप विकासको अवसर –** हुन सक्छ, हामीलाई यस्ता प्रोजेक्ट सञ्चालन गर्नमा त्यति अनुभव नहुन सक्छ । यसले हामीलाई यस्तै किसिमको कार्य गर्न र अन्य नयाँ तथा जटिल काम गर्नुअघि केही अनुभवहरु दिनेछ ।
  - **चाँडै सफल हुने–** हामी सा-साना प्रोजेक्टहरुमा सफल भयौं भने हामी अरुहरुलाई सफलताद्वारा आकर्षित भएकाहरुलाई सहभागी गराउन सक्छौं । हुन सक्छ तपाईंले पहिलो पटक शुरु गर्दै हुनुहुन्छ भने मण्डलीका केही व्यक्तिहरुले मात्र रुचि राख्लान् तर यदि तपाईंले सिकाउँदै जानुहुन्छ र सफल प्रोजेक्टहरुको नमूना प्रस्तुत गर्नुहुन्छ भने धेरैभन्दा धेरै मानिसहरु त्यस्ता प्रोजेक्टमा सहभागी रुचि राख्छन् ।

ठूलो प्रोजेक्ट गर्नुभन्दा सा-साना प्रेमको कार्य गर्नु चाहिँ उत्तम हुन्छ । माथि भनिएझैं सा-साना प्रेमको कार्य गर्नुका फाइदाहरु अलावा यस्ता-यस्ता प्रोजेक्ट बारम्बार गर्नाले समुदायमा भएका मानिसहरुका मनमा वास्ता गर्ने मण्डलीको चित्र कुँदिएर रहन सहायता पुग्छ ।

### ६. स्थानीय श्रोतहरु प्रयोग गरेर सम्पन्न गरिएको

प्रेमको कार्यको एउटा विशेषता भनेको स्थानीय श्रोतहरुद्वारा कार्यक्रम गरिनु हो । यी श्रोतहरु भनेका परमेश्वरले अघिनै तपाईंलाई दिनुभएको श्रोतहरु हुन् । तपाईंको बिचारमा यो किन महत्त्वपूर्ण छ ?

- प्रेमको धेरै प्रदर्शन
  - पाठ पाँचमा भएको सारीको कथाको बारेमा बिचार गर्नुहोस् ।
  - यदि कुनै एन.जि.ओ.ले समुदायमा धेरै सारी ल्याएर दिएको भए तपाईंको बिचारमा त्यसको प्रभाव त्यतिकै ठूलो हुन्थ्यो होला ?
  - मानिसहरुले किन प्रेम पाएको महसुस गरे ? उनीहरुले बलिदानी प्रेम गरेको देखेर माया गरिएको महसुस गरे । यदि समुदायले हामीले गरेको बलिदान तथा मेहनत समुदायले अनुभूति गरेनन् भने उनीहरुप्रति दर्साइएको परमेश्वरको प्रेम देख्न सक्तैनन् ।

- दिनुको आशिष– २ कोरिन्थी ९: ६–११ पढ्नुहोस् । दिनेहरुलाई त्यही नापमा आशिष दिनेछु भनेर परमेश्वरले हामीलाई भन्नुभएको छ । यद्यपि, यी पदहरुमा हेर्नुहोस् ।

- परमेश्वरले हामीलाई आशिष दिनुहुन्छ ? त्यसैले हामी हरेक अवसरमा उदार हुनुपर्दछ जसले गर्दा परमेश्वरको महिमा हुनेछ ।

मण्डलीहरुले उदारपूर्वक दिएकाले गर्दा उनीहरुलाई परमेश्वरले आशिष दिनुभएको हामीले देखको छौँ । उनीहरु गरीबीको चक्रबाट बाहिर निस्कन थालेका छन् । मुख्य कुरा त, जति उनीहरुसँग बढी हुन्छ, त्यति उनीहरु उदार हुन सक्छन् र अझै धेरै प्रोजेक्ट सञ्चालन गर्न सक्छन् । यो एउटा यस्तो उत्साहजक चक्र हो, जसद्वारा धेरै समुदायहरु गरीबीको फन्दादेखि बाहिर निस्कन सहयोग मिलेको छ ।

- यदि हामीले बाह्य श्रोतहरु प्रयोग गरेमा तपाईंको बिचारमा यस्तै खालको प्रतिफल देख्न पाइएला त ? अहँ, त्यही किसिमले प्रतिफल देख्न सकिन्न–परमेश्वरले लिनेलाई होइन दिनेलाई आशिष दिन्छु भनेर प्रतिज्ञा गर्नुभएको छ । यदि हामी हात मात्रै थाप्ने व्यक्ति बन्ने हो भने परमेश्वरले आशिष दिनुभएको देख्नदेखि बञ्चित हुनेछौं । परमेश्वरले प्रतिज्ञा गर्नुभएको आशिष गुमाउने छौं ।

बाह्य श्रोतहरु प्रयोग गर्नाले निकै ठूलो चुनौती खडा गरिदिन सक्छ । उदाहरणार्थ, हाम्रो क्षेत्रमा मानिसहरु मण्डली बारे निकै सशंकित हुन्छन् । मानिसहरुले मण्डलीले श्रोतहरु लुकाएर राखेको छ अनि अलिकति मात्र बाहिरका मानिसहरुलाई दानको रुपमा दिएको छ भनेर शंका गर्नु अस्वाभाविक होइन । बाह्य कोषले मण्डलीमा सजिलैसँग समस्या उत्पन्न गर्न सक्छ । मण्डली भित्र शैतानले बाहिरबाट आएको कोषलाई शंका र अनेकता ल्याउन चलाउन सक्छ ।

- यदि हामीसँग श्रोत भएन भने के हुन्छ ?
- हामीलाई परमेश्वरले जे दिनुभएको छ त्यो कुराप्रति हामीले आफ्नो नजर परमेश्वरित उठाउनुपर्दछ । हाम्रा समुदायमा के के दक्षताहरु छन् (किसान, शिक्षक, डाक्टर, इन्जिनियर, घर बनाउनेहरु, सूचिकारहरु) ? मानिस भएको हैंसियतमा हामीसँग के के सीपहरु (शरीर, मन, सिर्जनशीलता, समय) छन् ? परमेश्वरले हामीलाई के सिर्जनशीलता दिनुभएको छ सो सिर्जनशीलता अभ्यास गर्नु आवश्यक हुन्छ ।
- २ पत्रुस १: ३-५ ले परमेश्वरले हामीलाई जीवन र ईश्वरत्वसँग सम्बन्धित सबै कुरा दिनुभएको छ भन्ने तथ्यबारे बताएको छ जसले गर्दा हामीले परमेश्वरले आफ्नो महिमाको खातिर हामीलाई जे दिनुभएको छ सो थाहा पाउन र प्रयोग गर्न आफ्ना आँखा खोल्नुपर्ने हुन्छ ।

## प्रयोग

यस पाठको शुरुको अभ्यासमा प्रस्तुत गरिएका बिचारहरु बारे एक पल्ट सोच्नुहोस् । फेरि जोडी-जोडी बन्नुहोस् । अनि, मूल्याङ्कन गर्नको निम्ति तीनवटा क्रियाकलापहरु छान्नुहोस् । तलका प्रश्नहरु बारे बिचार गर्नुहोस् :

१. यस क्रियकलापले तपाईंलाई समुदायमा परमेश्वरको प्रेम प्रकट गर्न कसरी सहयोग पुऱ्याउँदछ ? परमेश्वरको प्रेम अझै राम्ररी प्रस्तुत गर्न यस क्रियाकलापमा के थप्न सकिन्छ वा के परिवर्तन गर्नुपर्ला ?

२. के यो सानो र सरल प्रोजेक्ट एक दिनमै पूरा गर्न सकिन्छ त ?

३. यो प्रोजेक्ट पूरा गर्नको निम्ति तपाईंको समुदायमा पहिलेदेखि उपलब्ध श्रोतहरुको के आवश्यकता पर्ला ?

४. यस क्रियाकलापले समुदायमा कसरी परिवर्तन ल्याउला ? के तपाईंले आफ्नो समुदायमा यस्तै किसिमको परिवर्तन चाहनुभएको हो त ? यदि होइन भने, तपाईंको समुदायमा अझ राम्ररी परिवर्तन ल्याउन यस क्रियाकलापलाई कसरी परिवर्तन गर्न सकिन्छ ?

५. के तपाईंको बिचारमा यो क्रियाकलाप पूरा गरेपछि परमेश्वरको महिमा हुन्छ ?

# पाठ १० : प्रेम प्रदर्शन कार्य सम्बन्धी योजना बनाउनु

**विशिष्ट उद्देश्यहरु**

- प्रेमको कार्यको योजना कसरी बनाउने भनेर बुझ्नु
- आफ्नो क्षेत्रको निम्ति प्रेमको कार्य छान्नु
- योजना बनाउनु

**योजना बनाउन ५-७ जनाको सा-सानो समूह बनाउनुहोस् ।**

सहभागीहरुलाई उनीहरुका आफ्नो प्रशिक्षार्थी पुस्तिकाबाट पढ्न लाएर कार्यक्रम अघि बढाउनुहोस् । उनीहरुसँग केही प्रश्न छन् कि सोध्नुहोस् । उनीहरुलाई प्रेम प्रदर्शन कार्यको निम्ति के के योजना बनाउन सकिन्छ सो सम्बन्धी सोच्न थाल्नुहोस् भनेर अनुरोध गर्नुहोस् । ५ मिनेटपछि समूहहरुलाई रोक्नुहोस् अनि के के गर्न चाहेका रहेछन्–सोध्नुहोस् । प्रत्येक क्रियाकलापचाहिँ उपयुक्त होस् । प्रायः समूहहरु महत्त्वकांक्षी हुन्छन् र उनीहरु ठू-ठूला योजनाहरु बनाउँछन् । उनीहरुलाई सा-सानो योजना बनाउन लाउनुहोस् । प्रोजेक्ट सानो भयो, उति कार्यान्वयन गर्न सकिन्छ र सफल हुने संभावना पनि उच्च हुन्छ । ठूलो प्रोजेक्ट बनाउने व्यक्तिहरुले व्यवधान बेहोर्नुपर्ने हुन्छ र उनीहरु निराश हुन पुग्छन् ।

सहभागीहरुले आ-आफ्ना योजना बनाऊन् भनेर हरेक समूहलाई कागजको ठूलो ताउ दिनुहोस् । यसो गरेमा उनीहरु अन्य सहभागीहरुसँग आफ्ना बिचारहरु बाँड्न सक्छन् । जब हरेक समूहले आ-आफ्ना योजना प्रस्तुत गर्छन्, अन्य सहभागीहरुलाई यसमा के के समस्याहरु छन् त हेर्नुहोस् भनेर अनुरोध गर्नुहोस् जसले गर्दा समूहहरुले आ-आफ्ना योजनामा सुधार ल्याउन सक्छन् । सहभागीहरुलाई अहिलेसम्म नसोचिएका क्षेत्रहरु बारे बिचार गर्न सहयोग गर्नुहोस् ।

**योजनाका चरणहरु**

**चरण एक : प्रार्थना गर्नुहोस्**

प्रार्थना भनेको गर्नुपर्ने पहिलो कुरा हो । प्रार्थना गर्न समय छुट्याउनुहोस् । प्रेमको कार्यको निम्ति मैले के गर्नुपर्छ भनेर परमेश्वरसँग अगुवाइ माग्नुहोस् ।

**चरण दुई : क्रियाकलाप चयन गर्नुहोस्**

सामूहिक रुमपा प्रेमको कार्यको रुपमा के के गर्न सकिन्छ सो बारे निर्णय गर्नुहोस् । ***"तपाईंको मण्डलीले सहायता गरेको परमेश्वर चाहनुहुन्छ"*** र "***समुदायमा के के आवश्यकताहरु छन् ?***" भन्ने पाठहरुमा तपाईले बुँदागत रुपमा टिप्नुभएको बिचारहरु हेर्नुहोस् । परमेश्वरले तपाईलाई के गर्न लाउँदैहुनुहुन्छ सामूहिक रुपमा सहमत हुनुहोस् ।

तपाईले विषय चयन गरिसकेपछि एक वा दुई दिनभित्रमा सिध्याउने खालको कार्यक्रम बनाउनुहोस् । यदि त्यसो होइन भने त्यसलाई एक चरण वा दुई चरणमा विभाजन गर्नुहोस् ।

**चरण ३ : जे आवश्यक छ सो निर्णय गर्नुहोस्**

अर्को चरण भनेको योजना बनाउनु हो । प्रथमतः हामीले कुन चाहिं प्रोजेक्ट गर्ने हो सो निर्णय गर्नुपर्दछ । त्यसका निम्ति कस्ता किसिमका मानिसहरु, कस्ता सामाग्रीहरु, कस्तो अनुमति आदि चाहिन्छ–उल्लेख गर्नुहोस् । तपाईंलाई यस बारे सोच्न सहयोग गर्नको निमित तपाईंले आफ्नो विद्यार्थी पुस्तिकामा भएको वर्कसिट प्रयोग गर्न सक्नुहुन्छ । तपाईंलाई आवश्यक परेको सबै कुरा पहिलो स्तम्भमा भरिसकेपछि ती कुराको निम्ति को जिम्मेवार हुने, कहिले गर्ने भनेर निर्णय गर्न सक्नुहुन्छ ।

**चरण ४ : योजना लेख्नुहोस्**

तपाईंको योजनामा निम्न प्रश्नहरुको जबाफ हुनुपर्दछ । (यदि समूहका मानिसहरु पढेलेखेका छैनन् वा कम साक्षर छन् भने योजना लिखित नै हुनुपर्छ भन्ने जरुरी हुँदैन । तर निम्न प्रश्नहरु सम्बन्धी छलफल गरेका छन् कि छैनन् भन्ने कुरा चाहिं महत्त्वपूर्ण हुन्छ ।)

- तपाईं के गर्न लाग्दै हुनुहुन्छ ?
- त्यो गर्नको निम्ति तपाईंलाई के चाहिन्छ ? यी कुराहरु तपाईंले कहाँबाट प्राप्त गर्नुहुन्छ ?
- कसलाई सहयोग गर्न लाग्दैहुनुहुन्छ ? उनीहरुलाई सोध्नुभएको छ त ?
- सहयोगको निम्ति को सहभागी हुन लाग्दैछ ?
- कहिले गर्दै हुनुहुन्छ ?

**चरण ५ : प्रार्थना गर्नुहोस्**

योजना बनाइसकेपछि प्रार्थना गर्नुहोस् । योजना पूरा गर्न र प्रतिफल बढोत्तरी होस् भनेर परमेश्वरसँग प्रार्थना गर्नुहोस् । परमेश्वर तपाईंको नाम महिमित होस् भनेर प्रार्थना गर्नुहोस् । प्रोजेक्टको तयारी गर्दैगर्दाको अर्को हप्ता वा दुई हप्ता अवधिमा परमेश्वरले यो प्रोजेक्टमा मलाई सहायता गर्नुभएको होस् भनेर प्रार्थना गरिरहेको हुनुपर्दछ ।

**चरण ६ : योजना कार्यान्वयन गर्नुहोस्**

अर्को चरण भनेको तपाईंले बनाउनुभएको योजना कार्यान्वयन गर्नु हो । प्रार्थनासहित योजना कार्यान्वयन शुरुआत गर्नुहोस् अनि तपाईंका सम्पूर्ण योजनाहरु परमेश्वरमा अर्पण गर्नुहोस् । तपाईंले यो योजना आफ्नो समुदायलाई परमेश्वरको प्रेम प्रदर्शन गर्न कार्यान्वयन गर्दैछु भनेर याद गर्नुहोस् । लक्ष्य अनुरुपको सोच विकास गर्नुहोस् ।

**चरण ७ : मूल्याङ्कनसहित प्रतिवेदन तयार पार्नुहोस्**

अन्तिम चरण भनेको प्रतिवेदन तयार पार्नु र मूल्याङ्कन गर्नु हो । यसले हामीलाई सिक्न सहयोग गर्दछ । हामीले के के गऱ्यौं र आगामी दिनमा हामी के के गर्न सक्छौं भन्ने विषयमा सोच्न सक्छौं । लामो प्रक्रिया हुनुपर्छ भन्ने छैन । तपाईंले निम्न प्रश्नहरु सम्बन्धी छलफल गर्न केही समय छुट्याउनुहोस् :

- के के राम्रो भयो ?
- के राम्रो हुन सकेन ?
- यस योजनामा अझै के गरे अझै राम्रो होला ?
- तपाईंले सोचेजस्तो प्रत्युत्तर पाउनुभयो त ? यदि होइन भने, किन ?
- के परमेश्वर महिमित हुनुभयो त ?

प्रशिक्षकले तपाईंलाई प्रतिवेदन फाराम दिनेछन् । हामीलाई किन प्रतिवेदन चाहिन्छ त ? मर्कूस ६:३०मा चेलाहरुले येशूलाई प्रतिवेदन बुझाएको देख्न सक्छौं । विश्वसनीयताको आधार र हामीलाई सिकाउने तथा हाम्रा निम्ति सामाग्री र प्रशिक्षक तयार पार्ने व्यक्तिहरुप्रति कृतज्ञता स्वरुप हामी प्रतिवेदन तयार पार्छौं । प्रतिवेदनले हामीलाई हामीले के गऱ्यौं भनेर बताउने र परमेश्वरले हामीलाई कसरी प्रयोग गर्नुभयो भनेर गवाही दिने अवसर दिन्छ । प्रतिवेदनले प्रशिक्षकहरुलाई केही समस्याहरु छन् कि भनेर बुझ्न र भविष्यमा अझै कसरी राम्ररी सहयोग गर्न सकिन्छ भनेर उपायहरु खोज्ने अवसरहरु पनि दिन्छ ।